मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १६७ ★ ने. सं. ११४६ तछला गा, नवमी/दशमी ★ बिहीबार ★ २५ असार, २०८३ ★ July 9, 2026, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८




साम्राज्यवादी युद्ध सङ्गठन नाटोको शिखर सम्मेलनको सङ्घारमा टर्कीएको राजधानी अङ्कारामा शान्तिको पक्षमा र साम्राज्यवादी युद्धको विरोधमा प्रदर्शन गर्दै साम्राज्यवादविरोधी जनता जुलाई ८, २०२६ का दिन । उत्तर एटलान्टिक सन्धि सङ्गठन -नाटोको विस्तार र युद्धपिपासु कदमविरुद्ध टर्की र युरोपका विभिन्न सहर मा लगातार विरोध प्रदर्शन भइरहेको छ । *तस्बिर : टीकेपीको फेसुबकपेज*

## जाँचबुझ आयोगमा मृतक परिवारहरूको बयानको सार सङ्क्षेप - ४९

**मृतक साजन राई डकर्मीका भतिज भरत राईको कागज व्यहोरा :**

मेरो काका साजन राई शैक्षिक रूपमा साक्षर पनि थिएनन्, डकर्मी काम गर्थे । व्यक्तिगत कारणले जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा एक्लै र स्वत:स्फूर्त सहभागी भएका थिए । घटनाको दिन काका बानेश्वरमा रहेछन् । अन्तिम पटक भदौ २३ गते घरबाट जाँदा म र काका भक्तपुरस्थित डेरा कोठामा सँगै बसेका थियौँ । सोही दिन बानेश्वर चोकमा गोली लागेपछि हामीले नै अस्पताल पुऱ्याएका थियौँ । भदौ २३ गते बेलुका ७:४९ बजेको समयमा कोरियन अस्पतालमा नै मृत्यु घोषणा भएको थियो । सुरक्षाकर्मीले दमनकारी रूपमा बिनाचेतावनी नै छातीमा गोली प्रहार गरेका हुन् । जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस् ।

**मृतक बुध्दिबहादुर तामाङका बाबु विष्णुबहादुर तामाङको कागज व्यहोरा :**

मेरो जेठो छोरा बुद्धिबहादुर तामाङ कक्षा १२ सम्मको अध्ययन गरी व्यापार गर्थे । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा एक्लै र स्वत:स्फूर्त सहभागी भएका थिए । घटनाको दिन छोरा बानेश्वरमा रहेछन् । अन्तिम पटक भदौ २३ गते घरबाट जाँदा बुद्धिले देशको हितको लागि जाँदै छु भनेका थिए । सोही दिन बानेश्वर चोकमा गोली लागेपछि आन्दोलनमा गएका साथीहरूले नै अस्पताल पुऱ्याएका रहेछन् । भदौ २३ गते ट्रमा सेन्टरमा नै मृत्यु घोषणा भएको थियो । सुरक्षाकर्मीले दमनकारी रूपमा बिनाचेतावनी नै गोली प्रहार गरेका रहेछन् । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस् ।

**मृतक नीरज पन्तका बुबा कीर्तिबल्लभ पन्तको कागज व्यहोरा :**

मेरो छोरा सामान्य औषधि व्यवसायी हुन् । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा एक्लै र स्वत:स्फूर्त सामाजिक सेवा गर्ने हेतुले सहभागी भएका थिए । घटनाको दिन भदौ २४ गते छोरा महाराजगञ्जमा रहेछन् । सोही दिन महाराजगञ्जमा गोली लागेपछि प्रदर्शनकारीहरूले नै अस्पताल पुऱ्याएका रहेछन् । भदौ २४ गते टिचिङ अस्पतालमा नै मृत्यु घोषणा भएको थियो । सुरक्षाकर्मीले राम्रो व्यवहार नगरेर बिनाचेतावनी नै गोली प्रहार गरेका रहेछन् । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस् । यस्ता घटना दोहोरिन नदिन सरकार र सुरक्षाकर्मी संयम हुनुपर्छ ।

**मृतक निखिता गौतमका बुबा लोकनाथ गौतमको कागज व्यहोरा :**

मेरी छोरी निखिता गौतम विद्यार्थी हुन् । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा चासो राखेता पनि घटनाको दिन भदौ २४ गते छोरी गौशाला चोकस्थित आफ्नै घरको छतमा आफन्तसँग बसिरहेकी थिइन् । गोली लागेपछि एक जना अपरिचित व्यक्तिले आमाको काखमा राखेर मोटरसाइकलमा नै छोरीलाई फ्रन्टलाइन अस्पतालमा पुऱ्याएपछि अस्पतालले मृत्यु भइसकेको घोषणा गर्‍यो । सुरक्षाकर्मीले आक्रामक र दमनकारी व्यवहार गरेर बिना चेतावनी नै अन्धाधुन्ध गोली प्रहार गरेका हुन् । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारबाही गरोस् । यस्ता घटना दोहोरिन नदिन घटना घटाउने तत्कालीन सरकार, सरकारको संरचना र जिम्मेवार व्यक्तिहरूलाई हदैसम्मको कारबाही हुनुपर्छ ।

**मृतक अनिष पराजुलीका बुबा भीमबहादुर पराजुलीको कागज व्यहोरा :**

मेरो एक मात्र छोरा अनिश पराजुली कक्षा १० पास गरेर सानो तिनो व्यवसाय गरिरहेको थियो । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा भदौ २३ गतेको प्रहरी ज्यादतिले उत्तेजित भई साथीहरूसँग स्वत:स्फूर्त रूपमा भदौ २४ गतेको आन्दोलनमा सहभागी भएका थिए । घटनाको दिन अनिश महाराजगञ्जमा रहेछन्, अन्तिम पटक भदौ २४ गते गाउँको एकजना आफन्तसँग कुरा भएको रहेछ । सोही दिन महाराजगञ्जमा गोली लागेपछि आन्दोलनकारीले नै अस्पताल पुऱ्याएको रहेछन् अस्पताल लगेको केही बेरमा नै मृत्यु भइसकेको कुरा थाहा पाएँ ।

*बाँकी पृष्ठ २ मा*

# प्रथम नगर प्रमुख साँय्जुको निधनमा श्रद्धाञ्जली व्यक्त

भक्तपुर, २४ असार । भक्तपुर नगरपालिकाका प्रथम मेयर (प्रमुख) रत्नसुन्दर साँय्जुको निधनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

नगर प्रमुख प्रजापति बुधबार दिवङ्गत साँय्जुको निवासमा पुगी शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको थियो ।

दिवङ्गत नगर प्रमुख साँय्जुको जन्म विसं १९८१ असोज २९ गते भक्तपुर नगरको नासमनास्थित मङ्गलाछेँमा भएको थियो ।

उहाँले भक्तपुर नगरपालिकामा विसं २०१० सालदेखि विसं २०१४ सालसम्म नगर प्रमुख भई सेवा गर्नुभएको थियो । जनप्रतिनिधिमात्र नभई उहाँले जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, हुलाक विभाग र वाणिज्य विभागको प्रमुख भई सेवा गर्नुभएको थियो ।



प्रथम नगर प्रमुख साँय्जुले उद्योग मन्त्रालय र श्रम मन्त्रालयमा पनि सरकारी कर्मचारीको रूपमा सेवा गर्नुभएको थियो । भक्तपुर विकास सहयोग संस्थाका संस्थापक सदस्य एवं वरिष्ठ सल्लाहकार भई सेवा गर्नुभएका साँयजुका धर्मपत्नी राजेश्वरी साँय्जु, छोराहरू - ओम, अशोक र राजेश तथा पाँच जना छोरीहरू हुनुहुन्छ ।

काठमाडौँ महानगरपालिकाको नारायणगोपाल चोक चक्रपथमा बस्दै आउनुभएका साँय्जुको असार १७ गते १०२ वर्षको उमेरमा निधन भएको थियो । परिवारजनका अनुसार उहाँमा कुनै रोग थिएन ।

बुधबारै प्रमुख प्रजापतिले भक्तपुर विकास सहयोग संस्थाका संस्थापक अध्यक्ष राजाराम जोशीसँग पनि भेटवार्ता गर्नुभयो ।

# सिंहदरबार केन्द्रित आन्दोलन गर्ने चेतावनी

थोरै समयमा धेरै काम देखाउन सरकारले गरेका निर्णयमध्ये निजी पत्रिका या सञ्चार जगतलाई सरकारी विज्ञापन निषेध गर्नु पनि हो । सरकारले सरकारी विज्ञापन मात्र होइन; सरकारी सङ्घ संस्थाको विज्ञापन पनि रोक्ने निर्णय गऱ्यो । सरकारी विज्ञापन सरकारी पत्रिका या सञ्चार जगतलाई मात्र दिने निर्णय विभेदपूर्ण छ । यही विभेदपूर्ण नीतिको विरोधमा निजी क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरू अहिले आन्दोलनरत छन् । हुन त सो निर्णय सार्वजनिक भएसँगै पत्रकार महासङ्घ तथा अन्य सरोकारवाला निकाय र पत्रकारहरूले निर्णय फिर्ता लिन आग्रह गरेका थिए । तर, सरकारले सो आग्रहलाई आत्मसात गरेको छैन । सरकारी र सरकारी सङ्घ संस्थाले विज्ञापन छापेबापत पाउँदै आएको लोक कल्याणकारी विज्ञापनको बजेट नदिने स्थिति देखिएपछि नेपाल पत्रकार महासङ्घले सरकारलाई सातदिने अन्तिमेत्थम् दिएको छ । उक्त समयभित्र पनि माग सम्बोधन नभए सिंहदरबारकेन्द्रित आन्दोलन गर्ने चेतावनी दिएको छ । तर, सिंहदरबारकेन्द्रित आन्दोलन के हो, प्रकाशमा आएको छैन ।

कुनै पनि निजी पत्रिकालाई विज्ञापन नदिने सरकारी निर्णयमा बहुमत प्राप्त सरकारको हुङ्कार देखिन्छ । सरकारी गतिविधि छाप्ने, सरकारको निर्णय जनतामा सुसूचित पार्न सम्प्रेषण गर्ने, देशमा भइरहेको भ्रष्टाचार, शोषण, दमनको खबरदारी गर्ने पत्रिकालाई सरकारी विज्ञापन छाप्न निषेध गर्नु के न्यायोचित हो ? चौथो अङ्ग मानिएको पत्रकारिता पेसालाई सरकारको असहयोग किन ? सरकारी विज्ञापनमा कुनै संस्था, निकाय या व्यक्तिले दुरूपयोग र अनियमितता गरेका छन् भने त्यसलाई नियन्त्रण गर्ने या दोषीमाथि कारबाही

*बाँकी पृष्ठ २ मा*

*व्यङ्ग्यचित्रको कुनो*





**बिहानै रोपाइँ गर्दै रोपाहार**

मनसुन सुरु भएलगत्तै लमजुङको मध्य नेपाल नगरपालिका-६ भोर्लेटारको रानीपानी क्षेत्रमा दिनमा अत्यधिक गर्मी हुने भएकाले गर्मी छल्न बिहानै रोपाइँ गर्दै रोपाहार । *तस्बिर: देवेन्द्र गुरुङ/रासस*

# अनियमित मनसुन र बढ्दो तापक्रमले हिन्दूकुश क्षेत्रमा आकस्मिक बाढीको जोखिम

**- भीष्मराज ओझा**

काठमाडौँ, २४ असार । मौसमविद्ले यस वर्षको मनसुनमा लामो समयसम्म सुक्खा अवस्था रहने, अचानक अत्यधिक वर्षा हुने, आकस्मिक बाढी, पहिरो तथा हिमनदीसँग सम्बन्धित जोखिम बढ्नसक्ने चेतावनी दिनुभएको छ ।

पाकिस्तान र भारतका विभिन्न स्थानमा विनाशकारी बाढी तथा बादल फाटेर उत्पन्न भएका विपद्का घटना जारी रहेकाले हिन्दूकुश हिमालय (एचकेएच) क्षेत्रका समुदायले यस वर्षको मनसुनमा मौसमीय प्रवृत्तिको सामना गर्नुपर्ने मौसम पूर्वानुमानकर्ताले चेतावनी दिएका हुन् ।

पाकिस्तानको गिलगिट-बाल्टिस्तानमा हालै बादल फाटेर आएको छ । भारतको अरुणाचल प्रदेशमा अत्यधिक वर्षाका कारण आएको बाढीपछि मौसम विशेषज्ञले सचेत गराएका हुन् । मनसुन पूर्वानुमान २०२६ ले हिन्दूकुश हिमालय क्षेत्रका अधिकांश भागमा मौसमी वर्षा सामान्यभन्दा कम रहने प्रक्षेपण गरेको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का विपद् जोखिम न्यूनीकरण विशेषज्ञ सस्वता सन्यालले मौसमी वर्षा कम हुनु भनेको बाढीको जोखिम पनि कम हुनु हो भन्नुभयो ।

"मौसमी पूर्वानुमानले केही महिनाको औसत अवस्थालाई देखाउँछ, कुनै एक उपत्यकामा के हुन्छ भन्ने होइन । 'एल निनो' को प्रभावमा लामो सुक्खा अवधिबिच स्थानीय रूपमा हुने अत्यधिक वर्षाले विनाशकारी आकस्मिक बाढी र पहिरो निम्त्याउन सक्छ", उहाँले भन्नुभयो ।

मनसुन असमान हुने र पूर्वानुमान गर्न कठिन बन्दै गएको छ । लामो समयसम्म सुक्खा अवस्था रहँदा कृषि र पानी आपूर्तिमा दबाब बढिरहेको छ । छिटपुट अत्यधिक वर्षाका घटनाले जनजीवन र पूर्वाधारलाई निरन्तर जोखिममा पारिरहेका छन् ।

सामान्यभन्दा बढी तापक्रमले सिन्धु, गङ्गा र ब्रह्मपुत्र नदी प्रणालीका हिमनदी-आधारित नदी बेसिनमा जोखिम अझ बढाउने अनुमान गरिएको छ । बढ्दो तापक्रमले हिमनदी र हिउँ पग्लिने प्रक्रिया तीव्र बनाउँछ, जसले नदीमा थप पानी बढ्छ । यसले पहाडी भिरालो भूभाग तथा हिमताललाई अस्थिर बनाउँछ ।

जलविज्ञ मनिष श्रेष्ठले पाकिस्तानको 'थोरे' उपत्यकामा हालै आएको बाढीले हिन्दूकुश हिमालय क्षेत्रको जोखिम देखाएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "अत्यधिक वर्षा, हिमनदी पग्लिनु, अस्थिर भिरालो जमिन र तीव्र गतिमा बढ्ने नदी एकअर्कासँग मिलेर शृङ्खलाबद्ध विपद् सिर्जना गर्न सक्छन् । तयारी पनि संयुक्त जोखिमलाई ध्यानमा राखेर गर्नुपर्छ, प्रत्येक जोखिमलाई अलग रूपमा हेरेर होइन ।"

जलवायुविज्ञले यस्तो अवस्थामा सरकारले खडेरी, अत्यधिक गर्मी, आकस्मिक बाढी, पहिरो र हिमनदीसम्बन्धी जोखिमलाई छुट्टाछुट्टै नभई एकीकृत रूपमा सामना गर्न तयारी गर्नुपर्छ भन्ने धारणा राख्नुभएको छ । नेपाल, भारतका उत्तरी तथा उत्तर-पूर्वी क्षेत्र, पाकिस्तान र अन्य जोखिमयुक्त पहाडी क्षेत्रका नदी किनार, ठाडो ओराले भूभाग तथा तीव्र रूपमा विस्तार भइरहेका सहरी क्षेत्रमा विशेष ध्यान दिन आवश्यक छ । मनसुनका अझै धेरै हप्ता बाँकी रहेका छ । मौसमविज्ञका अनुसार सबैभन्दा ठुलो जोखिम भनेको कम वर्षा हुने दिनलाई कम विपद्को सङ्केत ठान्नु हो । यस वर्षको मनसुनले खडेरी र बाढी दुवैका लागि एकैसाथ तयारी गर्नुपर्ने आवश्यकता देखाएको छ ।

(रासस)

# फिफा विश्व कप २०२६ : कोलम्बियालाई हराउँदै स्वीट्जरल्यान्ड 'क्वार्टरफाइनल'मा

काठमाडौँ, २४ असार । कोलम्बियालाई हराउँदै स्वीट्जरल्यान्ड फिफा विश्वकप २०२६ को क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

क्यानडाको बिसी प्लेस भ्यानकुभर स्टेडियममा आज भएको खेलमा स्वीट्जरल्यान्डले पेनाल्टी सुटआउटमा कोलम्बियालाई ४-३ ले हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो ।

खेलको निर्धारित ९० मिनेटमा र त्यसपछि थपिएको ३० मिनेटको अतिरिक्त समयमा पनि गोल हुन नसकेपछि खेल पेनाल्टी सुटआउटमा पुगेको हो । स्वीट्जरल्यान्डको जितमा ग्रानिट जाका, जेकी आम्दोनी, सेड्रिक इटेन र रुबेन वर्गासले गोल गरे । त्यस्तै म्यानुअल अकान्जीको प्रहार भने बहिरियो ।

प्रतियोगितामा कोलम्बियाका लागि जुआन क्विन्टेरो, जामिन्टन क्याम्पाज र लुइस डियाजले गोल गर्दा डेभिन्सन सान्चेज र कुचो हर्नान्डेजको प्रहार बाहिरियो । यससँगै विश्वकपको अन्तिम १६ को खेल सकिएको छ ।

**अर्जेन्टिनाको रोमाञ्चक जित**

त्यस्तै इजिप्टलाई पराजित गर्दै साविक विजेता अर्जेन्टिना 'फिफा विश्वकप-२०२६' को क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

अमेरिकाको एटलान्टा स्टेडियममा बुधबार बिहान भएको खेलमा इजिप्टलाई ३-२ ले पराजित गर्दै अर्जेन्टिना क्वाटरफाइनलमा प्रवेश गरेको हो । खेलमा पहिलो अग्रता भने इजिप्टले लिएको थियो । खेलको १५ औँ मिनेटमा यासेर इब्राहिमको गोलबाट इजिप्टले पहिलो अग्रता लिएको थियो ।

खेलको ६७ औँ मिनेटमा मुस्तफा जिकोले गोल थप्दै इजिप्टलाई २-० को बलियो अवस्थामा पुऱ्याए । त्यसपछि अर्जेन्टिनाले शानदार पुनरागमन गर्‍यो । क्रिस्टियन रोमेरोले खेलको ७९औँ मिनेटमा गोल गर्दै अन्तर घटाए भने लियोनेल मेस्सीले खेलको ८३औँ मिनेटमा बराबरी गोल गरे ।

त्यसपछि खेल दोस्रो हाफको अतिरिक्त समयमा पुगेपछि एन्जो फर्नान्डेजले ९०+३ औँ मिनेटमा निर्णायक गोल गर्दै अर्जेन्टिनालाई ३-२ को जित दिलाए । *(रासस)*

# एउटा बैङ्कबाट अर्कोमा सारिएका कर्जामा बढी समस्या

काठमाडौँ, २४ असार । राष्ट्र बैङ्कले हालै सार्वजनिक गरेको बृहत् आर्थिक प्रतिवेदनले बैङ्कहरूमा रहेको कर्जा निष्क्रिय हुने जोखिम बढ्दै गएको उल्लेख गरेको छ ।

प्रतिवेदनले भनेको छ, "२०८० असारमा निगरानी (वाचलिस्ट) श्रेणीमा वर्गीकृत कर्जा अनुपात ६.७ प्रतिशत रहेकोमा गत चैतमा ११.१ प्रतिशत पुगेको छ । यसमा भइरहेको निरन्तर वृद्धिले कर्जा क्षेत्रमा तनाव बढ्दै गएको छ र आगामी अवधिमा यी कर्जा निष्क्रिय कर्जामा परिणत हुने जोखिम उच्च रहेको सङ्केत गर्दछ ।"

वाणिज्य बैङ्कहरूको निष्क्रिय कर्जा अनुपात २०७२ चैतमा १.८१ प्रतिशत रहेकोमा गत चैतमा यो ५.४१ प्रतिशत पुगेको छ ।

गैरबैङ्किङ सम्पत्तिलाई समेत समेट्दा निष्क्रिय कर्जाको भार अझ बढ्ने प्रतिवेदनले उल्लेख गरेको छ ।

बैङ्क तथा वित्तीय संस्थाहरूले समस्याग्रस्त कर्जा असुलीमा चुनौती सामना गरिरहेका छन् ।

यो समस्या विशेषगरी कर्जा स्वाप (एकबाट अर्कोमा सारिएको कर्जा) मा बढी देखिएको प्रतिवेदनले उल्लेख गरेको छ ।

प्रतिवेदनले उल्लेख गरेको छ, 'क वर्गका वाणिज्य बैङ्कबाट विकास बैङ्कमा र वित्त कम्पनीमा सारिएका कर्जाहरू पछि निष्क्रिय कर्जामा परिणत हुने गरेका छन् ।'

केही ऋणीहरूको असहयोग र भ्रामक अभियानका कारण पनि ऋणीहरूले कर्जा तिर्न नपर्ने वा तिर्न ढिलाइ गर्न सकिने भन्ने धारणा बनाएकोले समस्या भइरहेको देखिएको छ ।

यसको प्रत्यक्ष असर कर्जा असुली र धितो लिलामी प्रक्रियामा परेको छ । पछिल्ला वर्षहरूमा कर्जाको गुणस्तर खस्किँदै जाँदा बैङ्कहरूको नाफा घट्नुका साथै पुँजी आवश्यकतामा पनि दबाब परेको छ ।

निष्क्रिय कर्जाको कारण थप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने भएकाले यसले बैङ्कहरूको नाफा घटाइरहेको छ, बैङ्कहरूले राख्नुपर्ने जोखिम भारित सम्पत्ति बढाएको छ र पुँजी पर्याप्तता अनुपातमा दबाब सिर्जना गरिरहेको छ ।

यी कारणहरूले अहिले बैङ्किङ प्रणालीमा प्रशस्त तरलता हुँदाहुँदै पनि बैङ्कहरूको कर्जा प्रवाह गर्ने क्षमता सीमित भएको छ ।

राष्ट्र बैङ्कको विश्लेषणले प्रणालीमा पर्याप्त तरलता हुँदाहुँदै पनि धेरै बैङ्कलाई पुँजी पर्याप्तता अनुपातको दबाब रहेको र लगानी गर्न सक्ने केहीलाई कर्जा-निक्षेप अनुपात बाधक बनिरहेको उल्लेख छ ।

बैङ्कहरूमा प्राथमिक कोषको आधारमा कम्तीमा ८.५ प्रतिशत पुँजीकोष अनुपात हुनुपर्छ भने निक्षेप रकमको ९० प्रतिशतसम्म मात्रै कर्जा लगानी गर्न पाइने व्यवस्था छ ।

यद्यपि निष्क्रिय कर्जा अझै व्यवस्थापन गर्न सकिने स्तरमै रहेको राष्ट्र बैङ्कको भनाइ छ ।

तर, अहिलेको यस अवस्थाले उच्च कर्जा विस्तार हासिल गर्ने प्रयासमा असर पार्न थालेको विश्लेषण गरिएको छ ।

राष्ट्र बैङ्कले अहिले असामान्य अवस्थामा गइनसकेको र आर्थिक गतिविधि निरन्तर सुधार हुँदै गइरहेकोले कर्जाको गुणस्तर पनि सुधार हुने अपेक्षा गरेको छ ।

सरकारले अहिलेको बजेटमार्फत् आय करमा गरेको कटौती, कर्मचारीको पारिश्रमिक वृद्धि र सरकारले अगामी दिनमा गर्ने पुँजीगत खर्चले अर्थतन्त्र चलायमान बनाउन सक्ने अपेक्षा राष्ट्र बैङ्कले गरेको छ ।

सम्भवत: यही अपेक्षामा राष्ट्र बैङ्कले यसपटक नीतिगत दर चलाएर बजारमा थप पैसा प्रवाह गराउनेभन्दा पनि कर्जा लिनसक्ने प्रक्रियाहरू सुधारेर कर्जा वृद्धि गर्ने लक्ष्य लिएको छ ।

*जाँचबुझ...*

सुरक्षाकर्मीले दमनकारी रूपमा बिना चेतावनी नै अन्धाधुन्ध छातीमा गोली प्रहार गरेका रहेछन् । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । घटनाको जिम्मेवार तत्कालीन नीति निर्माणस्तरका सबै एवं सुरक्षाकर्मीको कमान्डर लगायत हुन् । यस्ता घटना दोहोरिन नदिन देशमा नीतिगत सुधार गरेर नातावाद, कुशासन र भ्रष्टाचारको अन्त्य हुनुपर्छ ।

**मृतक विजय चौधरीका दाजु अजयकुमार चौधरीको कागज व्होरा :**

मेरो भाइ विजय चौधरी कक्षा १२ सम्मको अध्ययन सकेर ठेकापट्टा गरिरहेको थियो । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा भदौ २४ गतेको दिन स्वत:स्फूर्त रूपमा सहभागी भएका थिए । घटनाको दिन भाइ संसद् भवनपछाडि रहेछन्, अन्तिम पटक भदौ २४ गते दिदीसँग कुरा भएको रहेछ । सोही दिन संसद भवन पछाडि गोली लागेपछि आन्दोलनकारीले नै मोटरसाइकलमा अस्पताल पुऱ्याएको केही बेरमा नै मृत्यु भइसकेको कुरा थाहा पाएँ । सुरक्षाकर्मीले आक्रामक रूपमा बिनाचेतावनी नै गोली प्रहार गरेका हुन् । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । यस्ता घटना दोहोरिन नदिन देशमा रोजगारीको उपलब्धता, भ्रष्टाचारको अन्त्य र सुशासन हुनुपर्छ ।

**मृतक महेश बुढाथोकीका बुबा केशव बुढाथोकीको कागज व्होरा :**

मेरो जेठो छोरा महेश बुढाथोकी विद्यार्थी हुन् । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा साथीहरूसँग स्वत:स्फूर्त सहभागी भएका थिए । अन्तिम पटक महेशको आफ्नी आमासँग कुरा भएको थियो । सोही दिन कोटेश्वर चोकमा गोली लागेपछि प्रदर्शनकारीहरूले नै अस्पताल पुऱ्याएकोमा अगाडि नै मृत्यु भइसकेको रहेछ । पोस्टमार्टम रिपोर्टमा गोली लागी मृत्यु भएको कुरा उल्लेख छ । प्रत्यक्षदर्शीले बताएअनुसार सुरक्षाकर्मीले आक्रामक र दमनकारी रूपमा बिनाचेतावनी नै गोली प्रहार गरेका रहेछन् । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । जाँचबुझ आयोगले दोषीलाई हदैसम्मको न्यायिक कारवाही गर्नुपर्छ र नीतिगत सुधार पनि गर्नुपर्छ ।

**मृतक उमेश महतकी दिदी सुमित्रा महतको कागज व्होरा :**

मेरो भाइ स्नातक तहका विद्यार्थी थिए । जियनजेड पुस्ताद्वारा तत्कालीन सरकारविरुद्ध आयोजित आन्दोलनमा साथीहरूसँग स्वत:स्फूर्त सहभागी भएका थिए । भदौ २३ गतेको दिन उमेश बानेश्वर आन्दोलनमा सहभागी थिए भने भदौ २४ गते गौशाला थिए । अन्तिम पटक मसँग कुरा हुँदा भाइ घरमा नै थियो । भदौ २४ गतेको दिन गौशालामा हिँड्दै गर्दा गोली लागेपछि को कसले अस्पताल पुऱ्याएको रहेछन् थाहा भएन । उक्त दिन नै फ्रन्टलाइन अस्पतालमा उमेशलाई मृत घोषणा गरियो । सुरक्षाकर्मीले आक्रामक र दमनकारी रूपमा छातीमा गोली प्रहार गरेका रहेछ । राहत स्वरूप नेपाल सरकारबाट रु.१५ लाख पाएका छौँ । आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ । घटनाको जिम्मेवार तत्कालीन नीतिस्तरका सबै र तत्कालीन सरकारका प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक लगायत हुन् ।

*सिंहदरबार...*

गर्ने हो । कुनै संस्था या निकायले अनियमितता गरे पनि त्यस्तो काम सबैले गरेका हुँदैनन् । एउटाले गरेको गल्तीको दोष सबै पत्रिकाको टाउकोमा थोपर्नु हुँदैन । सरकारले दोषीमाथि कारबाही गर्ने हो; त्यो दोषको भागी अन्य पत्रिकालाई दिनु मनासिब हुँदैन ।

पत्रकारिता पेसामा लागेका सञ्चारकर्मीहरू हजारौँ छन् । पत्रकारिता गरेर आफ्नो जीवन जोहो गरिरहेका सञ्चारकर्मीहरूलाई सरकारको विज्ञापन निषेधले मर्का पर्छ । विज्ञापनको कमी भएपछि पत्रकार पाल्न पत्रिकाका सञ्चालकहरूलाई कठिन हुन्छ । त्यहीँ पेसाबाट परिवार पालेका सञ्चारकर्मीहरूलाई समस्या हुन्छ । सरकारले विचारेर माग पूरा गर्दैन भने भोलि सञ्चार क्षेत्रले सरकारी कार्यक्रम बहिष्कार गर्न सक्छ; सरकारी समाचार छाप्न बन्द गर्न सक्छ । सरकारका मन्त्री, सांसदहरूको कार्यक्रम या गतिविधिको समाचार नलेख्ने आन्दोलन सुरु भयो भने नोक्सान सरकारलाई नै हुन्छ । देशभरका हजारौँ हजार सञ्चारकर्मीहरू सरकारको विरोधमा लाग्नेछन् । यसले सरकारलाई बाधा पुऱ्याउँछ । पत्रिकाले सम्पादकीय लेखन बहिष्कार होइन सरकारी कार्यक्रम बहिष्कार गऱ्यो भने सरकारको देशभरि मात्र होइन संसारभरि बेइज्जत हुन्छ । यसकारण, पत्रकारहरू आन्दोलन हुनुभन्दा अघि नै सरकारले गरेको सरकारी विज्ञापन निषेध खारेज गर्नुपर्छ । विगतमा दिँदै आएको सो सेवा सरकारले दिनुपर्छ । विज्ञापनको नाउँमा भइरहेको अनियमितता नियन्त्रण गर्नुपर्छ र दोषीमाथि कारबाही गर्नुपर्छ ।

राज्यले सञ्चालन गरिरहेको उद्योग कलकारखाना व्यक्ति र विदेशी कम्पनीलाई दिएर निजीकरण गरेर निजीलाई बढावा दिने सरकारले निजी सञ्चार क्षेत्रलाई सरकारी विज्ञापन रोकेर असहयोग गर्ने काम नियतले नै गरेको हो । सञ्चार क्षेत्रलाई आवश्यक सहयोग गरेर पत्रकारिताको घेरा विस्तार गर्नुपर्ने बेला पत्रकारिताको विकासमा बाधा पुऱ्याउने, हतोत्साही बनाउने काम सरासर फूट हो । पत्रकारिता पेसा नहुँदो हो त देश यो अवस्थामा पुग्ने थिएन । देशमा भ्रष्टाचारी, कालाबजारी, कमिसनखोरहरूमाथि कारबाही गर्न या उनीहरूको सम्पत्तिको छानबिन गर्न र गराउन सञ्चार क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि देश विदेशका घटना, निर्णय, कार्यक्रम आदि जनताको घर आँगनमा लगेर सुसूचित पार्ने सञ्चार क्षेत्रलाई सरकारले असहयोग गर्नु विभेदपूर्ण नीति मात्र होइन पूर्वाग्रह पनि हो । सरकारको यस्तै अविवेकपूर्ण नीति र निर्णयले नै देश जहिल्यै पनि पछाडि परेको हो ।

## सङ्क्षिप्त समाचार

# बीमा कार्यक्रम बन्द: सेवाग्राही समस्यामा

भजनी (कैलाली), २४ असार । भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमा योजना बन्द भएपछि सेवाग्राहीलाई उपचारमा समस्या परेको छ ।

प्राथमिक स्वास्थ्य केन्द्रले बिमा गरेबापत पाउनुपर्ने रकम नपाएपछि उपचारमा समस्या भएको हो । जेठ २९ गतेदेखि केन्द्रले फार्मेसी र प्रयोगशाला सेवामा बिमा कटौती गरेको केन्द्रका अधिकारी अमरसिंह चौधरीले जानकारी दिनुभयो ।

चौधरीले भन्नुभयो, "सरकारबाट बिमावापत प्राप्त हुने रकम कटौती गरेपछि अस्पतालको स्रोतले व्ययभार थेग्न नसक्ने हुँदा सेवाग्राहीले पाउँदै आएको फार्मेसी र प्रयोगशाला सेवाको बिमा कार्यक्रम रोकेका छौँ ।"

चालु आर्थिक वर्षमा प्राथमिक स्वास्थ्य केन्द्रमा चार हजार ३७६ जनाले स्वास्थ्य बिमामार्फत सेवा लिएका छन् । बिमा सेवा कटौती हुँदा ६५ जना मात्रै स्वास्थ्य केन्द्रमा सेवा लिन आएका छन् । "स्थानीय सरकारसँग पटकपटक स्वास्थ्य केन्द्रलाई बजेटका लागि आग्रह गर्दा सुनुवाइ हुँदैन", केन्द्रका अध्यक्ष धर्मेन्द्र श्रेष्ठले भन्नुभयो । *(रासस)*

# मुख्य सचिवमा कार्की नियुक्त

काठमाडौँ, २४ असार । सरकारले नयाँ मुख्यसचिवमा गोविन्दबहादुर कार्कीलाई नियुक्त गरेको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव कार्कीलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । मुख्यसचिव सुमनराज अर्याल यही असार २६ गतेदेखि अनिवार्य अवकाशमा जाँदै हुनुहुन्छ ।

# विषादीको व्यवसाय जथाभावी गर्न नपाइने

दाङ, २४ असार । विषादी बिक्रीवितरण, भण्डारण वा जथाभावी व्यवसाय गर्न निषेध गरिएको छ । 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन गर्न बनेको ऐन, २०८१' का अनुसार कुनै व्यक्ति वा संस्थाले विषादीको खुद्रा बिक्री, भण्डारण वा व्यावसायिक कारोबार गर्न सम्बन्धित विषय हेर्ने निकायसँग अनिवार्य इजाजत लिनुपर्ने व्यवस्था छ । इजाजतपत्रको अवधि तीन वर्ष र लिनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा कृषि र पशुपालनमा टिएसएलसी वा जेटिए उत्तीर्ण गरेको हुनुपर्नेछ ।

विषादी बिक्रेताले खाद्यपदार्थ र भेटेरिनरी औषधि भण्डारण वा बिक्री गर्ने ठाउँमा विषादी राख्न नपाउने ऐनमा उल्लेख छ । त्यस्तै गर्भवती, बालबालिका, मादक पदार्थ सेवन गरेका व्यक्ति वा मानसिक स्वास्थ्य ठीक नभएका व्यक्तिलाई विषादी बिक्री वा प्रयोगमा संलग्न गराउन पूर्ण प्रतिबन्ध लगाइएको छ ।

जैविकबाहेक अन्य रासायनिक विषादीको विज्ञापन सार्वजनिक सञ्चारमाध्यमबाट गर्न नपाइने, व्यावसायिक रूपमा विषादी छर्किएपछि उक्त स्थानमा सर्वसाधारणको जानकारीका लागि चेतावनीमूलक सङ्केत टाँस्नुपर्ने ऐनमा उल्लेख छ । ऐनले प्रदेशमा विषादीको प्रयोगलाई व्यवस्थित बनाउने लुम्बिनी प्रदेशसभा सदस्य यमबहादुर नेपालीले बताउनुभयो । *(रासस)*

# चक्कु प्रहारबाट रौतहटमा एकको मृत्यु

रौतहट, २४ असार । रौतहटको ईशनाथ नगरपालिका-३ औरैयामा जग्गासम्बन्धी विवादमा भएको चक्कु प्रहारबाट वुटन साहको मृत्यु भएको छ ।

औरैयास्थित ८० वर्षीय ससुरा रामबहादुर साहको घरमा बस्दै आएका ईशनाथ नपा-१ बन्जरहाका ६० वर्षीय साहको मृत्यु भएको र टाउकोमा चोट लागेका वृद्ध ससुराको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । चक्कु प्रहारबाट पिठ्युमा गम्भीर चोट लागेका साहलाई प्रादेशिक अस्पताल गौर पुऱ्याइएकामा चिकित्सकले मङ्गलबार राति मृत्युको घोषणा गरेको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमले चक्कु प्रहार गर्ने २६ वर्षीय राममहेश्वर साह र निजका बाबु ६३ वर्षीय रामाऔतार साहलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको छ । स्थानीयका अनुसार जग्गाको स्वामित्वलाई लिएर लामो समयदेखि भएको विवादले उग्ररूप लिँदा लामो समयदेखि ससुराली घर बस्दै आएका साहको मृत्यु भएको हो । *(रासस)*

# केही स्थानमा आकस्मिक बाढीको जोखिमको अनुमान

काठमाडौँ, २४ असार । जल तथा मौसम विज्ञान विभागले बुधबार केही जिल्लामा आकस्मिक बाढीको मध्यम जोखिम रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ । कोसी, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भाग तथा मधेस प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको विभागले जनाएको छ । विभागका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यूनचापीय रेखा नेपालको पूर्वी भू-भागतर्फ सरदरभन्दा दक्षिणमा तथा पश्चिमी भू-भागतर्फ सरदर स्थानको आसपास अवस्थित रहेको छ ।

विभागका बाढीविद् विनोद पराजुलीले बुधबार इलाम, झापा, तेह्रथुम, पाँचथर, धनकुटा, सप्तरी, सुनसरी, मोरङ, डोटी, डडेल्धुरा र आसपासका जिल्ला भई बहने स-साना नदीको बहाव उल्लेख्य बढ्ने र आकस्मिक बाढीको जोखिमको सम्भावना रहेको बताउनुभयो । विभागका अनुसार गएको २४ घण्टामा देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । सबैभन्दा धेरै वर्षा कास्कीको याङ्जाकोटमा ९८.६ मिमी मापन गरिएको विभागले जनाएको छ । *(रासस)*



**रोपाइँका लागि खेतमा सिँचाइ**

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित खेतमा रोपाइँ गर्न बोरिङबाट पानी तानेर सिँचाइ गर्दै किसान । सिँचाइको व्यवस्था नभएको स्थानमा पर्याप्त वर्षासमेत नहुँदा किसानले भूमिगत सिँचाइका लागि अतिरिक्त लगानी गर्नुपरेको छ । *तस्बिरः नवीन गड्तौला/रासस*

# मुस्ताङबाट २२ हजार केजी फोहर सङ्कलन

मुस्ताङ, २४ असार । जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले फोहरमैला व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ । जिल्लाको घरपझोङ, बारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकामा सङ्कलन भएको फोहरलाई एक्याप जोमसोमले गत वर्षदेखि व्यवस्थापन गर्न थालेको हो ।

एक्याप प्रमुख राजेश गुप्तका अनुसार आव २०८२/८३ को साउनदेखि असार अन्तिमसम्म जिल्लाका तीन पालिकामा सङ्कलन गरिएको २२ हजार १८९ केजी नकुहिने विभिन्न प्रकारका फोहरलाई ट्रकमा ढुवानी गरी जिल्ला बाहिर निकासी गरेको जानकारी दिनुभयो । एक्याप प्रमुख गुप्तका अनुसार चालु वर्षको बाह्र महिनामा मुस्ताङमा सङ्कलन भएको फोहरलाई दुई हजार ५८१ बोरामा राखेर पोखरातर्फ निकासी गरिएको हो ।

एक्याप जोमसोम कार्यालयका अनुसार चालु वर्षको भदौमा ६४४ केजी, कार्तिकमा ८६०, मङ्सिरमा एक हजार ५५६, पुसमा एक हजार ३५१, फागुनमा एक हजार ८८८, चैतमा दुई हजार ४६२, वैशाखमा दुई हजार २३० र असारमा छपटक गरी १० हजार ६५९ केजी फोहर पोखरास्थित ग्रिन रोड वेस्ट मेनेजमेन्ट प्रालि प्रशोधन केन्द्रमा पठाइएको हो ।

एक्यापले गत वर्ष मुस्ताङका तीन गाउँपालिकामा सङ्कलित १० हजार १९० केजी फोहर जिल्ला बाहिर निकासी गरेको थियो । गत वर्षको तुलनामा चालु वर्ष (११७.७५) प्रतिशत बढी फोहर मुस्ताङबाट निकासी भएको एक्याप प्रमुख गुप्तको भनाइ छ ।

एक्यापले धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङका तीन पालिकामा चालु वर्ष चारवटा फोहर सङ्कलन केन्द्र पूर्वाधार निर्माण गरेको छ । जसमध्ये एक फोहर सङ्कलन केन्द्रलाई अर्को स्थानमा स्थान्तरण गरिएको छ । गत वर्ष एक्यापले मुस्ताङका पर्यटकीय चहलपहल हुने क्षेत्रमा आठवटा फोहर सङ्कलन केन्द्र निर्माण गरेको थियो ।

कार्यालय प्रमुख राजेश गुप्तले मुस्ताङमा पर्यटकको आगमन सङ्ख्या बर्सेनि वृद्धि भइरहेकाले सोहीअनुसार फोहर सङ्कलनको मात्रा बढ्दै गइरहेको उल्लेख गर्नुभयो । मुस्ताङ भित्रिने पर्यटक तथा स्थानीयबाट उत्पादन हुने नकुहिने फोहरलाई पोखरास्थित प्रशोधन केन्द्रमा पठाउने गरिएको छ । यहाँका विभिन्न सङ्कलन केन्द्रमा जम्मा हुने नकुहिने फोहरको वर्गीकरण गरी सङ्कलन हुन नसक्दा आंशिक समस्या परेको एक्याप प्रमुख गुप्तको भनाइ छ । जिल्लामा समुदायस्तरका आमा समूह, गाउँसमाज र संरक्षण क्षेत्र व्यवस्थापन समितिलगायतले मासिक रूपमा सरसफाइ गरी फोहर सङ्कलन गर्ने गरेको भए पनि टिन/क्यान, सिसाजन्य र प्लास्टिकका फोहर छुट्टाछुट्टै सङ्कलन नहुँदा समस्या परेको उहाँले बताउनुभयो ।

जिल्लामा दुई वर्षअघि यहाँका पर्यटन व्यवसायी र समुदायले यहाँ उत्पादन हुने नकुहिने फोहर खाल्डो खनी विर्सजन गरेकामा गत वर्षदेखि एक्याप कार्यालयको खर्चमा सङ्कलित जिल्ला बाहिर निकासी गर्न थालिएको हो । जिल्लालाई स्वच्छ, सफा र वातावरणमैत्री तुल्याउन आगामी वर्षहरूमा थप सङ्कलन केन्द्र निर्माण गर्दै जाने नीति लिइएको छ ।

जलवायु सङ्कट न्यूनीकरण गर्न एक्यापले मुस्ताङमा लक्षित वर्गहरूलाई इन्डक्सन चुलो र विभिन्न उपकरण वितरण गर्दै आइरहेको छ भने फोहरबाट हुने प्रदूषणले मानव स्वाथ्यमा पुर्याउन सक्ने असरका विषयमा समेत विभिन्न स्थानमा साइन पोस्टिङ गर्नेलगायतका काम गर्दै आइरहेको जनाएको छ । *(रासस)*

# सिँचाइ कुलो निर्माणले बाँझो जमिनमा खेती

मान्म (कालीकोट), २४ असार । स्थानीय नरहरिनाथ गाउँपालिका-७ माल्कोट गाउँमा सिँचाइ कुलो निर्माण भएपछि सयौँ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । माल्कोट गाउँको धाँचुकोटमा गच्चेकाटिया सिँचाइ कुलो निर्माण भएपछि सयौँ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको हो ।

रातिमाटादेखि धाँचुकोटसम्म सिँचाइ कुलो निर्माण भएपछि विगतमा सिँचाइ सुविधा नभएको बाँझो जमिनमा बालीनाली लगाउन थालिएको छ ।

खानेपानी तथा ऊर्जा विकास कार्यालय कालीकोटको आर्थिक लगानीमा पक्की सिँचाइ कुलो निर्माण भएको नरहरिनाथ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण रानामगरले बताउनुभयो ।

"सिँचाइ कुलो निर्माणका लागि खानेपानी तथा ऊर्जा विकास कार्यालयको रु. २० लाख लगानी भएको छ", उहाँले भन्नुभयो, "सिँचाइ कुलो निर्माणले माल्कोट गाउँको सयौँ हेक्टर जमिनमा सिँचाइको सुविधा पुगेको छ ।"

वर्षौँदेखि गाउँमा सिँचाइ नहुँदा खेतीयोग्य जमिन बाँझै रहेकामा अहिले सिँचाइ कुलोबाट पानी आउन थालेपछि सहज भएको स्थानीय रामबहादुर बटालाले बताउनुभयो । "सिँचाइ कुलो निर्माण भएपछि पहिलाको जस्तो जग्गा बाँझो राख्नुपरेको छैन", उहाँले भन्नुभयो, "अहिले तरकारीखेती, अन्नबाली समयमा लगाउनका लागि सहज भएको छ ।"

सिँचाइ कुलो निर्माणले गाउँको उत्पादनसमेत वृद्धि हुने गच्चेकाटिया सिँचाइ कुलो निर्माण योजनाका अध्यक्ष ध्रुवबहादुर शाहीले बताउनुभयो । "यसबाट करिब एक हजार घरपरिवार लाभान्वित भएका छन् । पाँच सय मिटर लामो सिँचाइ कुलो निर्माण भएको छ", उहाँले भन्नुभयो, "सिँचाइ कुलो निर्माणका लागि अझै केही लगानी कम भएको छ ।"

सिँचाइ कुलो नहुँदा जमिन बाँझो राख्नुपर्ने समस्या रहेको अब कुलो निर्माणसँगै त्यो समस्या हटेको वडाध्यक्ष खाम्मबहादुर बटालाले बताउनुभयो । *(रासस)*

# उपत्यकामा बर्डफ्लु सङ्क्रमण यथावत्

ललितपुर, २४ असार । बर्डफ्लु सङ्क्रमण देशका अधिकांश जिल्लामा नियन्त्रणमा आए पनि काठमाडौँ उपत्यका र काभ्रेपलाञ्चोकमा भने जोखिम अझै कायम रहेको छ ।

पशु सेवा विभागका अनुसार झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवनलगायतका जिल्लामा सङ्क्रमण पूर्ण रूपमा नियन्त्रणमा आइसकेको छ ।

विभागका वरिष्ठ पशुसेवा चिकित्सक डा. मुकुल उपाध्यायका अनुसार उपत्यकाका तीन जिल्लामा सङ्क्रमणको अवस्था यथावत् रहे पनि काभ्रेपलाञ्चोकमा सङ्क्रमण तीव्र रूपमा फैलिरहेको छ ।

विभागको तथ्याङ्कअनुसार सङ्क्रमण नियन्त्रणका लागि हालसम्म देशभर सात लाख ५४ हजार ५०० पन्छी, १० लाख ९१ हजार ३०३ अण्डा तथा दुई लाख ४३ हजार ६३५ केजी दाना नष्ट गरिएको छ ।

त्यसमध्ये काठमाडौँ उपत्यकाका तीन जिल्ला र काभ्रेमा मात्रै दुई लाख ८६ हजार २७७ पन्छी, एक लाख ७९ हजार ६४ अण्डा र ७४ हजार केजी दाना नष्ट गरिएको विभागले जनाएको



छ ।

डा. उपाध्यायका अनुसार जोखिमयुक्त क्षेत्रको स्थलगत अनुगमन गरी सङ्घीय र स्थानीय सरकारको समन्वयमा प्रतिवेदन तयार पारिएको छ । सोही आधारमा सङ्क्रमित क्षेत्रका पन्छी नष्ट गर्ने तथा सङ्क्रमण नियन्त्रणका अन्य उपाय कार्यान्वयन प्रक्रिया अघि बढाइएको छ । *(रासस)*

। सम्पादकीय ।

# राजनीति, निर्दलीयता र रास्वपाको दृष्टिदोष

युग र समयसँगै समाजमा हरेक विषयको परिभाषा सँगसँगै उद्देश्यसमेत बदलिँदै गइरहेको र भोगिरहेकाहरूमध्ये नेपालका ५०-६० वर्ष नाघेका सबै नेपालीलाई थाहा छ । २०-३० वर्षका युवाहरूमा पञ्चायती निर्दलीयता, निरङ्कुश राजतन्त्र र राणाहरूको सैनिक अल्पतन्त्रबारे अलिअलि व्यावहारिक अनुभव होला । सैद्धान्तिक पक्षको जानकारी पुस्तकअनुसारको फरकफरक हुनु मानवीय चिन्तनको विषय हो ।

हिजो राज्य गर्ने नीतिको घेराभित्र राजामहाराजा वा फरक फरक शासन र शासकवर्गको आफ्नो अध्ययन र व्यवहारको विषय हो । दासयुग, सामन्तवादी युग (राजा-महाराजाको बलको शासन), पुँजीपतिवर्ग र सामन्तवर्गको (भिडन्त र सम्झौताको संवैधानिक राजतन्त्र) सम्झौताको राजनीति तथा नेपालमा नेपाली काङ्ग्रेस, एमाले, एमाओवादी, शासनमा जाने अनेक नामका कम्युनिस्ट, राप्रपा र तराईका राजनैतिक दलहरू 'पुँजीवादी' व्यवस्था अर्थात् देश र कामदारहरूमाथि शोषकवर्गको शोषण गर्न पाउने राजनीति गर्दै थिए ।

यस अर्थमा उत्पादनका साधनहरूमा निजी स्वामित्व हुने र शोषण गर्न पाउने अधिकारका पक्षपातिहरू वर्तमान संसद्मा सबै पार्टी एउटै पुँजीवादी व्यवस्थाका शासक क्लवहरू हुन् ।

उत्पादनका साधनहरू समाज र देशको हुने र शोषणलाई बर्जित हुँदै जाने व्यवस्थाका पक्षपातिहरूको राजनीतिको परिभाषा र उद्देश्य टकलक्क फरक छ । अहिले सरकारमा रहेका 'रास्वपा' पुँजीवादीहरूकै नयाँ चेहराहरू मात्रै हुन् । शासकहरूको 'चेहरा' फरक हुँदैमा व्यवस्था र शोषणमा परिवर्तन आउँदैन । यसकारण, रास्वपाको 'स्थानीय राजनीतिलाई' निर्दलीय खोज्नु आफै सामन्तवाद र पुँजीवादी व्यवस्थाविरोधी होइन बरु ती दुई विचारलाई अँगाल्ने 'नयाँ चेहरा' मात्र ठहर्नेछ ।

स्थानीय तहको निर्वाचनमा दलको प्रयोगलाई निषेध गरेमा तलैदेखि दलको प्रभावहीनताको कारण भ्रष्टाचार, जातिवादी र क्षेत्रवादी प्रतिगामी सोच र व्यवहारले ठुलो बल पाउनेछ । यसको उदाहरण स्थानीय निर्वाचनलाई अँगीकार गर्दा भारतमा जगैदेखि भ्रष्टाचार मौलाउँदै गयो भने नेपालमा पञ्चायतकै कारण भ्रष्टाचारले जरा गाड्यो - परिणाम सबैको सामुने छ ।

रास्वपाले आफूलाई एक राजनैतिक पार्टीको रूपमा सम्झिएसम्म त्यसले गर्ने हरेक नीति र कार्यकलाप राजनीति (एउटा पक्षको हित) बाट स्वतन्त्र हुनै सक्दैन । घाम लागिरहेकै बेला कसैले यसलाई रात भनेमा 'पूरै झूट' बोलेको वा मानसिक रोगको शङ्का गर्ने ठाउँ छोड्नेछ । निर्दलीय दलको सफलता र असफलता त नेपालकै हिजोको अनुभवले बताई हालेकै छ ।

मानिस एक राजनैतिक प्राणी भएको हुनाले विद्यालयमा, शिक्षा, स्वास्थ्य, उद्योगधन्दा, कृषि वा कुनै पनि क्षेत्रमा वर्गीय 'राजनीति गर्न दिन्न' भन्नु र 'राजनीतिबाट स्वतन्त्र' हुन्छ भन्नु खालि पशुहरूको निबन्ध-प्रबन्ध पढाइएका ४-५ कक्षाका विद्यार्थीलाई अचानक मानिसको निबन्ध लेखाउँदा उसले निश्चय पनि 'मानिस एक दुईखुट्टे जनावर हो; उसको सिङ हुँदैन; घोडाको यालको ठाउँमा कपाल हुन्छ; खुरको सट्टा जुत्ता हुन्छ; मानिस संसारमा जहाँ पनि पाइन्छ...' जस्ता कुरा लेख्नेछन् । पछि पछुताउनुपर्ने आफै लज्जित हुने काम नगर्नु बुद्धिमानी ठहर्नेछ ।

'विद्यालय व्यवस्थापन समितिमा राजनैतिक व्यक्तिहरू' नरहने कल्पना शिक्षण संस्थामा भट्टी पसल राखेजस्तै चिताउनै नसक्ने विषय हो । प्रश्न उठ्नेछ - के रास्वपा एक राजनैतिक संस्था होइन ? त्यस दलका नेता र त्यसको सरकारको प्रधानमन्त्री राजनैतिक दलका सदस्य होइनन् ? जाँड खाएर उठ्न नसक्नेले अरु जँड्याहालाई सिधा नहिँडिकन किन बाङ्गो - टिङ्गो हिँडेको हो भन्ने गरेको हास्य कलाकलारहरूको छलफलजस्तो हुँदैन ?

एसियाली विकास बैङ्कले '४ वर्षभित्र नेपाललाई थप २ अर्ब ४० करोड डलर ऋण सहयोग' (कान्तिपुर- २४ असार २०८३) दिने, 'खानेपानी र भन्सार सुधार गर्न एडीबीसँग २५ अर्बको ऋण सम्झौता' (कान्तिपुर-२३ असार २०८३) भएको समाचारले नेपाली जनता खुसी हुने अवस्था छैन - जसरी गाउँका एक गरिब किसान गाउँका जमिनदारसँग केही हजार ऋण लिने समयमा हुने गर्दैन, किनभने केही वर्षभित्रै त्यस जमिनदारले ब्याजमाथि ब्याज गर्दै त्यो ऋणको ठाउँमा त्यो किसानसँग तेबर-चौबर मूल्यको खेत र खलिहान लिइसक्छ । यसकारण, रास्वपाले विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्कसँग एक डलरसम्म लिए पनि देश माझीको बल्छीमा माछा परे सरह छटपटिँदै मर्नेछ । यो व्यवहारिक सिद्ध विषय हो । नेपाली जनताले खुसी मनाउने स्थिति अहिले देखिन्न ।

# दक्षिण एसियामा अमेरिकाले भारतसँग अनुमति माग्न छोड्यो !



*(वासिङ्टनले अब भारतीय हितलाई बेवास्ता गर्दै क्षेत्रीय खेलाडीहरूसँग प्रत्यक्ष काम गर्न थालेको छ ।)*

गत महिना, संयुक्त राज्य अमेरिकाको सेनाले आफ्नो 'इन्डो-प्यासिफिक कमान्ड' लाई फेरि 'प्यासिफिक कमान्ड' नामकरण गऱ्यो । पेन्टागनले दाबी गऱ्यो कि यो केवल इतिहासको फिर्ती भएको हो जबकि क्षेत्राधिकार उहीं नै रह्यो पुरानो नाममा फर्कियो । तर, भूराजनीतिले भन्छ कि नाम कहिल्यै केवल नाम मात्र हुँदैन । त्यो सङ्केत हो, आसन हो र सङ्क्षिप्त रणनीति हो । ती कूटनीतिक र सैन्य चालहरूले तपाईँलाई आगामी चरणहरूमा कुन कुरामा ध्यान दिनुपर्छ भन्ने बताउँछन् ।

पहिलो ट्रम्प प्रशासनका पालामा २०१८ मा नयाँ दिल्लीप्रति जानाजानी झुक्न 'इन्डो' थपिएको थियो । यो अमेरिकाको भन्ने तरिका थियो : द्विध्रुवीय विश्वमा चीन मुख्य चुनौती हो, भारत अपरिहार्य लोकतान्त्रिक प्रतिभार हो अनि हिन्द तथा प्रशान्त महासागर एउटा सहज रणनीतिक रङ्गमञ्च हो ।

तत्कालीन रक्षा सचिव जेम्स म्याटिसले नाम परिवर्तन गर्नु प्रशान्त महासागर र भारतबिचको बढ्दो अन्तरसम्बन्धको स्वीकृति भएको उल्लेख गरेका थिए । "बलिउडदेखि हलिउडसम्म र पेङ्गुइनदेखि ध्रुवीय भालुसम्म," उनले यसरी भनेका थिए ।

स्पष्ट रूपमा भन्नुपर्दा अब त्यो रहेन, 'इन्डो' गायब भयो । प्रतीकात्मकताले छिट्टै ध्यान खिच्यो । नाम परिवर्तनको प्रतिक्रिया दिँदै, भारतीय सांसद शशि थरूरले अमेरिका, अस्ट्रेलिया, भारत र जापानबिचको साझेदारीलाई उल्लेख गर्दै एक्स (X) मा लेखे, "क्वाडको शवपेटीमा थप अर्को किला ?"

तर, यो कदम दक्षिण एसियाको लागि अझ महत्त्वपूर्ण छ । वासिङ्टनले चुपचाप त्यो युगको अन्त्यको घोषणा गरिरहेको छ, जहाँ भारत यस क्षेत्रको लागि अमेरिकाको अनुमानित उपठेकेदार थियो । त्यहाँ धेरै राम्रा कारणहरू र हालका घटनाहरू छन्, जसले यो परिवर्तनको नेतृत्व गर्यो ।

वर्षौंसम्म, (इण्डियन) उपमहाद्वीपको अमेरिकी मानसिक नक्सामा भारत बोल्ड फन्टमा थियो । पाकिस्तान टाउको दुखाइको विषय थियो । बङ्गलादेश एउटा कपडा कारखाना र विकास परियोजना थियो । नेपाल हिमालयको बफर पर्खाल हो भनी नयाँ दिल्लीसँग राम्रोसँग छलफल गरेपछि तय भयो । सिद्धान्ततः साना छिमेकीहरू सार्वभौम थिए र व्यवहारमा भारतको भूराजनीतिक अपार्टमेन्ट कम्प्लेक्समा भाडामा बस्ने व्यक्तिको रूपमा व्यवहार गरिन्थ्यो ।

त्यो नक्सा अब यथार्थ समयमा पुनः कोरिँदैछ ।

एउटा नयाँ, अझ प्रवाहमय दक्षिण एसिया उदाउँदैछ जसमा अमेरिकाले पाकिस्तान, बङ्गलादेश र नेपालसँग प्रत्यक्ष रूपमा, अझ नजिकबाट संलग्न भइरहेको छ । भारतको क्षेत्रीय नीतिको परिशिष्टका रूपमा होइन; बरू आफ्नै अधिकार, स्रोत र चासो भएका पात्रका रूपमा । कुनै पनि व्यापारिक लेनदेन जस्तै; बिचौलिया हटाउनु दुवै पक्षका लागि लाभदायक हुन्छ ।

यी देशहरू शीतयुद्धकालीन शैलीका सहयोगी बनिरहेका छैनन् । यिनीहरू बहुध्रुवीय संसारमा अमेरिकाको लागि धेरै आधुनिक र धेरै हिसाबले उपयोगी बन्दै छन् । लेनदेनात्मक साझेदारहरू जसले स्वार्थहरू जहाँ मिल्छन् त्यहाँ सहयोग गर्छन र चीन, रूस, भारत वा अरू कसैसँग व्यवहार गर्ने स्वतन्त्रता सुरक्षित राख्छन् ।

केही भारतीय रणनीतिकारहरूले तर्क गरेका छन् कि यो क्रमिक अवगावले (Gradual Decoupling) ले अमेरिकालाई अझ क्षेत्रीय प्रतिस्पर्धी बनाउँछ । वास्तवमा अमेरिकी अधिकारीहरूले भारतलाई केवल रणनीतिक साझेदारको रूपमा मात्र नभई उदाउँदो व्यावसायिक प्रतिस्पर्धीको रूपमा हेरिरहेका छन्, जसको औषधि, सूचना प्रविधि, इलेक्ट्रोनिक्स उत्पादन र सेमिकन्डक्टर महत्त्वाकाङ्क्षामा भएको प्रगतिले एकदिन अमेरिकी कम्पनीहरूलाई चुनौती दिन सक्छ ।

सोभियत सङ्घ विघटनपछिको अमेरिकी एक-ध्रुवीयताको उत्साहपूर्ण युगमा चीनसँगको आफ्नो अनुभवबाट सिक्दै, जसमा व्यापारीवादीहरूले तर्क गर्छन् कि त्यसले अमेरिकी हितको सट्टामा चीनलाई असमान रूपमा फाइदा पुऱ्यायो । अमेरिका भारतसँग त्यही गल्ती दाहोऱ्याउन हिच्किचाएको छ ।

अझ व्यापक रूपमा भन्नुपर्दा, वासिङ्टनले भारतसहित कुनै पनि एकल शक्तिलाई दक्षिण एसियामा प्रभुत्व जमाउनबाट रोक्न दृढ देखिन्छ र बहुलवादी क्षेत्रीय सन्तुलनलाई सक्रिय रूपमा प्रवर्द्धन गरिरहेको छ । हामी वास्तवमा भारतको क्षेत्रीय भिटोको अन्त्य देखिरहेका छौँ । वासिङटनले दक्षिण एसियाका प्रत्येक राजधानीलाई नयाँ दिल्लीको शाखा कार्यालयको रूपमा व्यवहार गर्न बन्द गरेको छ ।

अमेरिकाले पेइचिङसँग चयनात्मक समायोजन गर्दैछ । बङ्गलादेशमा लोकतान्त्रिक रूपान्तरणलाई समर्थन गर्दैछ । नयाँ दिल्लीले आफ्नो 'क्लाइन्ट शासन' (Client Regime) गुमाउने चिन्ता व्यक्त गरे तापनि नेपालसँग प्रत्यक्ष संलग्न भइरहेको छ र म्यानमारमा त्यस्ता कदमहरू चालिरहेको छ जसलाई भारतीय सरकारले आफ्नो उत्तरपूर्वी सुरक्षालाई जटिल बनाउने रूपमा देख्छ ।

यस परिवर्तनमा पाकिस्तानले एउटा खुलासा गर्ने केस स्टडी प्रस्तुत गर्दछ । दशकौँसम्म अमेरिका-पाकिस्तान सम्बन्ध लगभग विशेष रूपमा आतङ्कवादप्रति केन्द्रित एक निष्क्रिय चक्रमा फसेको थियो । तर, इस्लामाबादले आफ्नो कूटनीतिक 'आकर्षक आक्रामकता' (Charm Offensive) को साथ समीकरण सफलतापूर्वक परिवर्तन गरेको छ ।

फिल्ड मार्शल असिम मुनिरले पाकिस्तानलाई महत्त्वपूर्ण खनिजहरू खोजिरहेको खाडीको पुँजी (Gulf Capital), अमेरिकी प्रविधि (American Technology) र प्रशान्त अर्थतन्त्र (Pacific Economies) हरूबिच रणनीतिक सम्बन्ध सेतुको रूपमा प्रस्तुत गरिरहेका छन् । रेको डिक (Reko Diq Deposits) तामा र सुन खानीसहित खर्बौं बराबरको सम्भावित विशाल भण्डारका साथ, पाकिस्तान चिनियाँ प्रभुत्व रहेको आपूर्ति श्रृङ्खलाको विकल्प बन्न सक्छ ।

ट्रम्पको व्यक्तिगत र पारिवारिक सर्कलमा प्रत्यक्ष सैन्य नेतृत्वको पहुँचमार्फत पाकिस्तानले आफू १९ प्रतिशतको अनुकूल कर (Tariff) र बलुचिस्तान लिबरेशन आर्मीलाई आतङ्कवादी घोषित गरायो । पाकिस्तानले चीनसँग घनिष्ठ सम्बन्ध कायम राखी खनिज, व्यापार र क्षेत्रीय स्थिरतामा अमेरिकासँग व्यावहारिक सहयोग विस्तार गर्न सक्छ ।

१७ करोड जनसङ्ख्या र बङ्गालको खाडीमा रणनीतिक स्थान भएको बङ्गलादेश अझ बढी आकर्षक छ । बङ्गलादेश महत्त्वपूर्ण समुद्री मार्ग, भारतको उत्तरपूर्वी भाग र अस्थिर म्यानमार नजिकैको उत्पादन शक्तिगृह हो । धेरै समयदेखि, वासिङटनले यसलाई विकास सहायता वा भारतीय सुरक्षा चिन्ताको लेन्सबाट मात्र हेर्थ्यो ।

आज थप आत्मविश्वासी बङ्गलादेशले चिनियाँ उपकरण किन्दै र भारतसँग व्यापार गर्दै अमेरिकी लगानी, ऊर्जा सम्झौता र प्रविधि साझेदारीलाई अगाडि बढाउन सक्छ । रोहिङ्ग्या स्वदेश फिर्ती र सुरक्षित क्षेत्र (सम्भवतः संयुक्त राष्ट्र सङ्घ वा म्यानमारमाथि प्रतिबन्धको दबाबमार्फत) को लागि मानवीय हस्तक्षेपको नेतृत्व वा समर्थन गरेको अमेरिकाले बढ्दो चीन-भारत-म्यानमार गठबन्धनको सामना गर्न सक्दछ र बङ्गलादेशको 'पहिला भारत' नीतिमा परिवर्तन भएपछि ढाकामा प्रभाव पुनर्निर्माण गर्ने र एक प्रमुख क्षेत्रमा लाभ सुरक्षित गर्न सक्छ ।

भारत-सम्बन्धलाई रोमान्टिक बनाएर र यसलाई अनौपचारिक भिटो दिएर वासिङ्टनले पदानुक्रमिक भूराजनीतिक संरचनालाई बलियो बनायो, जहाँ भारत शीर्ष स्थानमा थियो । वासिङ्टन चीनविरोधी सन्तुलन खोज्न यति आतुर थियो कि कहिलेकाहीँ उसले साझेदारीलाई सम्मान ठानी भ्रमित भयो । प्यासिफिक कमाण्ड नामको पुनःस्थापनाले त्यो युग आफ्नो प्राकृतिक अन्त्यमा पुगेको सङ्केत गर्छ ।

यसको अर्थ भारतलाई बाहिर निस्क भनी ढोका देखाइएको नभई केवल खेल मैदान साझा गर्न भनिएको हो । वासिङ्टन अझै पनि दिल्लीको बजार शक्ति, ब्लु-वाटर नौसेना र कोडिङ् प्रतिभा चाहन्छ, तर यो रोमान्स अब व्यावहारिक, सेयरहोल्डर साझेदारीलाई बाटो दिइरहेको छ । दक्षिण एसिया एक व्यस्त बजारमा परिणत हुँदैछ, जहाँ पुँजीहरूले एकपछि अर्को सम्झौताहरू गर्दैछन् । पाकिस्तान पेइचिङसँग सम्बन्ध राख्दै सुरक्षा ग्यारेन्टीका लागि खनिजहरू साट्छ । बङ्गलादेश अरूलाई ढोका बन्द नगरिकनै अमेरिकी संलग्नता स्वीकार गर्छ । यो घुमाउरो कदमले अमेरिकाको विकल्पहरू बढाउँछ र भारतलाई क्षेत्रीय निषेक्षाज्ञाको सट्टा प्रतिस्पर्धी प्रस्तावहरूमार्फत साथीहरू जित्न बाध्य पार्छ ।

जब पेन्टागनले 'इन्डो' लाई प्यासिफिक कमान्डबाट हटायो, यसले जमिनमा पहिले नै देखिएको परिवर्तनलाई छाप मात्र लगाएको थियो । (इण्डियन) उपमहाद्वीप अब भारतद्वारा हस्ताक्षर गरिएको भित्तेचित्र होइन, मोजेएकको रूपमा देखिन्छ । आजको संसारमा, दिर्घकालीन प्रभाव उसैको हुन्छ, जसले एकैपटक धेरै सम्बन्धहरू सम्हाल्न सक्छ र यही नै हो भीडभाड भएको बुद्धिचालको बोर्डमा नयाँ खेल ।

*(लेखक केन्टकी विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका लेक्चरर हुन् ।)*

***स्रोत : अलजजीरा***

पाठक पत्र

# जलाइएको पर्यटक शौचालय र उत्खननको विषय



भक्तपुर नगरपालिकाले उनान्सय चोक उत्खनन्को बाचा गर्दै आएको उपयुक्त विषय हो । गत भदौ २४ गते जलाइएको दरबार क्षेत्रको सिलु महादेव मन्दिरको उत्तरतर्फ रहेको पर्यटकीय शौचालय पनि उनान्सय चोकभित्र पर्दछ । त्यसो त शौचालयसँगै रहेको उतिबेला जनज्योति पुस्तकालयको लागि बनाइएको भवन पनि उनान्सय चोकभित्रै पर्दछ । उनान्सय चोक उत्खनन् सुरु हुने भए उतिबेलाको जनज्योति पुस्तकालयको लागि बनाइएको भवन पनि भत्काउनुपर्ने हुन्छ ।

यो अवस्थामा भदौ २३ गते जलाइएको पर्यटकीय शौचालय पुनःनिर्माण हतार गर्नु उपयुक्त नहोला । पर्यटकीय शौचालय दरबार क्षेत्रमै कोलाछेँ जाने कुना र पर्यटक सेवा केन्द्रमा पनि रहेका छन् ।

*- एक सम्पदाप्रेमी*

# सन्दर्भः कोरियाली जनताका महान् नेता किम इल सङको स्मृति दिवस (८–जुलाई)

✍ किम जोङ उन

कोरियाली श्रमिक पार्टीका सदस्यहरू र हाम्रा अन्य जनताले पार्टीको ७० औँ स्थापना दिवसलाई पवित्र तथा क्रान्तिकारी बिदाको रूपमा मनाइरहेका छन् ।

महान् कमरेड किम इल सङले स्थापना गर्नुभएको यो कोरियाली श्रमिक पार्टी कमरेड किम इल सङ र किम जोङ इलको पार्टी हो । उहाँहरूको उत्कृष्ट र परिपक्व नेतृत्वमा यो अपराजित क्रान्तिकारी पार्टीको रूपमा विकास भएको छ । यसले क्रान्ति र निर्माणलाई विजयको मार्गमा अगाडि बढाएको छ ।

कोरियाली श्रमिक पार्टीको ध्येय भनेको जुछे क्रान्तिको ध्येय अर्थात् आम जनतालाई स्वतन्त्रताको प्रत्याभूति दिलाउने पवित्र ऐतिहासिक ध्येय हो ।

कोरियाली श्रमिक पार्टीको ७० वर्षको इतिहास, गौरवशाली विजयको इतिहास हो । यसले कमरेड किम इल सङ र किम जोङ इलको पार्टीको ध्येयको न्यायिकता र अपराजयतालाई स्पष्ट पार्दछ ।

आफ्नो स्थापनादेखिको लामो अवधिमा, जुछे क्रान्तिको ध्येय पूरा गर्ने, ऐतिहासिक सङ्घर्षको दौरानमा, यो जुछे क्रान्तिकारी पार्टीको रूपमा विकसित भएको छ, कमरेड किम इल सङ र किम जोङ इलको पार्टीको रूपमा विकसित भएको छ । यसले हाम्रा जनतालाई सबै प्रकारका विजयहरूमा मार्ग निर्देशन गर्ने सङ्गठनको रूपमा चमत्कारिक भूमिका निभाएको छ ।

क्रान्ति र निर्माणमा सफलता भन्ने कुरा क्रान्तिको आम दस्ताको रूपमा रहेको पार्टी कसरी बन्छ र त्यसको नेतृत्वदायी भूमिकाको विकास कसरी हुन्छ भन्ने कुरामा भर पर्दछ ।

यस्तो जुछे प्रकारको पार्टीको निर्माण गर्नुहुने, कमरेड किम इल सङ र किम जोङ इलको विचार र उहाँहरूको विवेकपूर्ण नेतृत्वलाई धन्यवाद ! यो पार्टी जुछे प्रकारको क्रान्तिकारी पार्टी अर्थात् नेतृत्वको पार्टीको रूपमा निर्माण र विकास भएको छ । यसैमा महान् नेताको विचार, नेतृत्वको एकमना चरित्र र विराशतको सुनिश्चित प्रत्याभूति हुन्छ ।

यसले यस्तो एउटा व्यवस्थाको स्थापना गर्यो, जसअनुसार यसको निर्माण र कार्यक्रमहरूमा देखापरेका समस्याहरू नेतृत्व र क्रान्तिकारी माहोलले एकत्वपूर्ण निष्कर्षका साथ समाधान हुन्थे, त्यसलाई नेतृत्वले अगाडि बढाएका कार्यदिशा र नीतिहरूमा कति पनि विचलन आउन नदिई मातहतका सङ्गठनहरू र सदस्यहरूले कार्यान्वयन गर्ने गर्दथे ।

महान् कमरेड किम जोङ इलले समग्र कोरियाली श्रमिक पार्टीलाई किम इल सङवादको नमुनाअनुसारको कार्यदिशामा अगाडि बढाउनुभयो र पार्टीको एकल वैचारिक व्यवस्था स्थापना गर्ने कार्यलाई घनिभूत पार्ने कुरामा सुनिश्चितता दिलाउनुभयो । नेतृत्व र नेतृत्वको विचारको एकमना विशेषतालाई सुनिश्चित गर्ने कार्यमा ठुलो फड्को मार्ने समयको निर्माण गर्नुभयो । नारा र यथार्थ दुवैमा कोरियाली श्रमिक पार्टीलाई नेतृत्वको पार्टीको रूपमा विकास गर्न र कमरेड किम इल सङको पार्टीको रूपमा विकास गर्न कमरेड किम जोङ इलले निकै मेहनत गर्नुभयो ।


नेतृत्वको विचार र परम्परालाई कायम राख्ने समस्यालाई पार्टीले यसरी समाधान गरेको छ । जसअनुसार, नेतृत्व र नेतृत्वको विचारको एकमना विशेषताको परम्परा पुस्ता-दर-पुस्ता कायम रहँदै जानेछ ।

नेतृत्व र नेतृत्वको विरासतलाई कायम राख्नु आफैमा एउटा गम्भीर विषय हो, यसैमा पार्टी र क्रान्तिको भाग्य र भविष्य निर्भर रहन्छ । यो क्रान्तिकारी पार्टी निर्माण गर्ने आधारभूत विषय पनि हो ।

कुनै पार्टीले आफ्नो सही नेतृत्वअन्तर्गत सफलतापूर्वक क्रान्तिलाई अगाडि बढाएको भए तापनि सच्चाइका साथ नेतृत्व र उसको विचारको विरासतलाई कायम राख्न नसक्दा, पार्टी नै विसर्जनतिर गएको र क्रान्ति नै निराशामा पुगेको तीतो पाठ इतिहासले हामीलाई सिकाएको छ ।

सुदूर भविष्यप्रति महान् दूरदृष्टि राखेर





आफ्नो विचार र ध्येयलाई कार्यान्वयन गर्ने नेतृत्वको पार्टी नै वास्तवमा, क्रान्तिकारी पार्टी हो र आफ्नो विचार र नेतृत्वको एकल चरित्र र विरासत सुनिश्चित गर्नु यसको मुख्य लक्ष्य रहेको छ ।

समग्र पार्टी पङ्क्तिलाई नेतृत्वको क्रान्तिकारी विचारमा ढाल्नु, नेतृत्व केन्द्रित एकता र सामाञ्जस्यता हासिल गर्ने र नेताको एकल नेतृत्व मातहत एक भएर समग्र पार्टी अगाडि बढ्दछ ।

महान् कमरेड किम इल सङ र किम जोङ इलको क्रान्तिकारी विचारबाट मार्ग निर्देशित कोरियाली श्रमिक पार्टीले किम इल सङवाद र किम जोङ इलवादको आवश्यकताअनुसार आफ्नो पार्टी निर्माण र कार्यक्रमलाई अगाडि बढाएको छ । यसरी आफ्नो एकमात्र केन्द्रको रूपमा आफ्नो नेतृत्वको साथमा, वैचारिक रूपमा शुद्ध र साङ्गठनिक रूपमा एकताबद्ध शक्तिशाली सङ्गठनको रूपमा रहेको छ ।

कोरियाली क्रान्तिको साहसिक तथा जटिल विशेषता रहेको अवस्थामा, स्थापनाको दिनदेखि, यस पार्टीको झन्झन् गम्भीर कार्यभारको रूपमा यसले नेतृत्वको वरिपरि एकता कायम गरेको छ । यसले इतिहासमा क्रान्तिकारीहरूबिचको एकतामा ठुलो हानि पुऱ्याएका गुटबन्दीवाद र विविध प्रकारका अवसरवादी वैचारिक प्रवृत्तिहरूलाई पराजित गरेर आफ्नो एकता हासिल गरेको छ । नेतृत्वको वरिपरि क्रान्तिकारीहरूबिच एकमना एकता हासिल गर्ने सङ्घर्षलाई घनिभूत पारेको छ ।

कमरेड किम इल सङ र किम जोङ इलले नेतृत्वको साङ्गठनिक र वैचारिक आधार स्थापना गर्नुभयो र क्रान्तिको ध्येयलाई कायम राख्ने नेतृत्व प्रणाली स्थापना गर्नुभयो । यसरी नेतृत्व र नेतृत्वको विचारलाई गौरवमय तरिकाले पुस्ता-दर-पुस्ता कायम राख्ने कुराको सुनिश्चितता दिलाउनुभयो ।

पुस्तौँ पुस्ता उत्कृष्ट नेतृत्व पाउनुले नेतृत्व र उहाँहरूको विचारको एकमना विशेषता र परम्पराको सुनिश्चितता कोरियाली श्रमिक पार्टीको सैन्य सामर्थ्य र अपराजयताको लागि प्रमुख कुरा हुन गएको छ ।

पुस्तौँ पुस्ता नेतृत्व र नेतृत्वको एकमना विशेषतालाई ठोस रूपमा कायम गरेको कारण, समाजवादी देशहरूका सत्तारुढ पार्टीमा आएको वैचारिक स्खलन र निराशाले ल्याएको अन्योलताको बिचमा पनि यस पार्टीले आफूलाई कमरेड किम इल सङ र किम जोङ इलको पार्टीको रूपमा आफ्नो क्रान्तिकारी विशेषतालाई अटल रूपमा कायम राख्न सफल भयो । क्रान्ति र निर्माणको लागि प्रभावशाली नेतृत्व प्रदान गर्न सफल भयो र यसरी ठुला सामाजिक परिवर्तनहरूलाई सम्भव बनायो ।

कोरियाली श्रमिक पार्टी जनताको सेवा गर्ने अजेय पार्टी बनेको छ र जनतासँग समग्र रूपमा एकाकार भएको छ ।

आम जनताको स्वतन्त्रताको ध्येयको कार्यान्वयनलाई आफ्नो साझा लक्ष्य बनाउने कार्यमा नेतृत्व, पार्टी र समुदायका जनता लागिपरेका छन् । जसरी नेता र पार्टीको नेतृत्वबाट अलग भएको अवस्थामा आम जनताले आफ्नो लक्ष्य हासिल गर्न सक्दैनन् । त्यस्तैगरी आम जनताबाट अलग हुँदा, पार्टी पनि शक्तिशाली राजनैतिक पार्टी बन्न सक्दैन र राजनैतिक मार्गनिर्देशकको रूपमा भूमिका निभाउन सक्दैन ।

कमरेड किम इल सङले यो पार्टी आफ्ना आधारभूत अङ्गको रूपमा रहेका मजदुर, किसान र बुद्धिजीवीहरूको पार्टी बन्नुपर्दछ भन्ने कुराको सुनिश्चितता दिलाउनुभयो ।

सोहीअनुसार आम जनताको माग र हितको रक्षा गर्ने र कार्यान्वयन गर्ने कार्यक्रम उन्मुख भयो । आम जनताबिच गहिरो जरा गाडी उनीहरूसँग समग्र एकत्व कायम राख्न सफल भयो ।

किम जोङ इलले आम जनताको भाग्य र भविष्यलाई आफ्नो जिम्मेवारीमा लिई हेरविचार पुऱ्याउने सच्चा मातृ पार्टीको रूपमा कोरियाली श्रमिक पार्टीलाई विकास गर्ने कुराको सुनिश्चितता दिलाउनुभयो । उनीहरूप्रतिको प्रेम र विश्वासमा आधारित विस्तृत कल्याणकारी र समग्र राजनीतिको व्यवस्थापन गर्नुभयो । यसरी उहाँले आम जनतासँग अभिन्न नाता जोड्नुभयो ।

कोरियाली श्रमिक पार्टीले जनताको भाग्य र भविष्यप्रति जिम्मेवार बन्ने मातृत्व प्रेमले उनीहरूको हेरविचार गर्ने, एकमना बफादारिताका साथ पार्टीलाई सहयोग गर्ने जनतालाई सम्पन्नता र खुसी प्रदान गर्न ठुलो प्रयास गरेको छ । त्यस्तैगरी, अख्तियारको दुरूपयोग र नोकरशाहीपनाजस्ता चलनहरूलाई निर्मूल पार्न आफ्ना अधिकारीहरूको नेतृत्व गरेको छ ।

यस पार्टीले जनताको सेवा गर्ने मातृ पार्टीको रूपमा आफ्ना जिम्मेवारीलाई पूर्ण रूपमा कार्यान्वयन गरिरहेको कारण, हाम्रा जनताले पनि पार्टीको विश्वास र प्रेमको लागि आफू योग्य रहेको कुरा प्रमाणित गर्न आफ्नो बफादारिता प्रदर्शन गरिरहेका छन् ।

कोरियाली श्रमिक पार्टीको समग्र एकत्व, जनताप्रति पार्टीको विश्वास र प्रेम, त्यस्तै पार्टीप्रति जनताको एकमना समर्थन र विश्वास नै हाम्रा क्रान्तिकारीहरूको एकत्व र सामर्थ्यको स्रोत हो भने हाम्रा सबै प्रकारका विजयको निम्ति आधारभूत सुनिश्चिता पनि हो । आफ्नो समग्र एकत्वको कारणले यस पार्टीले क्रान्तिमा आइपरेका परीक्षा र कठिनाइहरूमाथि सुनिश्चित विजय हासिल गर्ने विश्वासका साथ अगाडि बढ्न उत्कृष्ट ढङ्गले आफ्नो पवित्र कार्यभारलाई अगाडि बढाउन सक्षम भएको छ ।

यसले आफूलाई जुछे आधारित नेतृत्व विधिबाट परिपक्व तरिकाले क्रान्ति र निर्माणलाई विजयमा पुऱ्याउने क्रान्तिकारी पार्टीमा विकास गरेको छ ।

नेतृत्वको क्षमता र पार्टीको लडाकु कार्यकुशलता निर्माण गर्ने कार्यमा नेतृत्वको विधि महत्त्वपूर्ण हुन्छ ।

क्रान्तिको उत्प्रेरक शक्तिको रूपमा रहेका आम जनता र उनीहरूको प्रयासमा भर परेर क्रान्ति र निर्माणमा देखापरेका समस्याको समाधान गर्ने कुरा महान् कमरेड किम इल सङ र किम जोङ इलले सृजना र लागू गर्नुभएको कोरियाली श्रमिक पार्टीको परम्परागत नेतृत्व पद्धति हो ।

निश्चितै रूपमा आम जनताको सामर्थ्य भनेको विचार र सामूहिकताको सामर्थ्य हो । कोरियाली श्रमिक पार्टी आम जनताको माग र सोचाइलाई बुझेर जनताको सोचाइलाई उत्प्रेरित गरी उनीहरूको माग र सोचाइलाई कार्यान्वयन गरी आफ्ना कार्यदिशा र नीतिहरू निर्माण गर्ने सिद्धान्तप्रति निरन्तर आवद्ध रहँदै आएको छ । विचारहरू नै क्रान्ति र निर्माणका महत्त्वपूर्ण पक्षहरू हुन् र वैचारिक सचेतनाले नै हरेक कुराको निर्धारण गर्दछ भन्ने जुछेमुखी सिद्धान्तलाई पार्टीले अवलम्बन गरेको छ । यसरी पार्टीले जनताका भावनात्मक शक्तिलाई उन्मुक्त लगाम लगााउन लक्षित वैचारिक कार्यलाई अन्य सबै प्रकारका कार्यहरूभन्दा अगाडि राखेको छ । उनीहरूको सामूहिकता र आम साहसिकता - विकास क्रान्तिको हरेक चरणमा व्यापक आयाममा विविध स्वरूपका जनआन्दोलनको स्वरूपमा पूरै देखिएको छ ।

आम जनतामा भर परेर, उनीहरूको सामर्थ्यलाई सूचिकृत गरेर, क्रान्ति र निर्माणमा निरन्तर छलाङ मार्ने क्रममा, कोरियाली श्रमिक पार्टी अद्वितीय साङ्गठनिक क्षमता र नेतृत्व कला भएको परिपक्व क्रान्तिकारी पार्टीको रूपमा विकसित भएको छ ।

सैन्य मामलालाई प्राथमिकता दिने र कोरियाली जनसेनालाई सोङ्गुन क्रान्तिको केन्द्रीय र मुख्य शक्ति बनाउने - कोरियाली श्रमिक पार्टीको




सोङ्गुन आधारित क्रान्तिकारी नेतृत्व हाम्रो आफ्नै मौलिक प्रकारको अद्वितीय क्रान्तिकारी नेतृत्व हो ।

सेना भनेकै पार्टी, राज्य र जनता भन्ने सोङ्गुन क्रान्तिको आधारभूत सिद्धान्तको जगमा, कोरियाली श्रमिक पार्टीले कोरियाली जनसेनालाई 'सयको विरुद्ध-एक' को क्रान्तिकारी सशस्त्र फौजको रूपमा विकास गरेको छ । सेना पनि पार्टी र नेतृत्वप्रति अचुक रूपमा बफादार छ र विचार र निष्ठामा सबल छ । समग्र कोरियाली जनसेनालाई किम इल सङवाद र किम जोङ इलवादको ढाँचामा विकास गर्ने सङ्घर्षको क्रममा सेनामाथि पार्टीको अविभाजित नेतृत्व स्थापित भएको छ । अन्तिम श्वास रहुञ्जेल पार्टीको कार्यदिशा र नीतिहरूको कार्यान्वयनमा नेतृत्व लिने शक्तिशाली क्रान्तिकारी पाक्तुसानको रूपमा कोरियाली जनसेना विकसित भएको छ । यसले कोरियाली श्रमिक पार्टीको राजनैतिक र सैन्य आधारलाई चट्टानजस्तै बलियो बनाएको छ ।

सोङ्गुन आधारित नेतृत्वअन्तर्गत हाम्रा क्रान्तिकारी पार्टी पङ्क्तिले आफूलाई कोरियाली जनसेनाजस्तै उत्कृष्ट बनाउँदै लगेका छन् । कोरियाली श्रमिक पार्टीका सबै सदस्यहरू हाम्रा अन्य जनताले कोरियाली जनताको भावना र उत्साहबाट सिकेर क्रान्ति र निर्माणलाई अगाडि बढाउने सक्रिय प्रयासमा लागिपरेका छन् ।

जुछे क्रान्तिको ध्येयको रूपमा रहेको आफ्नै मौलिक प्रकारको सोङ्गुन आधारित नेतृत्वअन्तर्गत अगाडि बढ्दै जाँदा, पार्टीले आफ्नो नेतृत्व क्षमता र लडाकु कार्यकुशलतालाई आमूल सुधार गरेको छ ।

क्रान्तिकारी पार्टी निर्माण गर्ने गोरेटोलाई प्रज्ज्वलित गर्दै अपराजय पार्टीको रूपमा विकास भएको यो कोरियाली श्रमिक पार्टी अनुभव आफैमा स्वतन्त्रताको युगमा क्रान्तिकारी पार्टी निर्माण गर्ने ध्येयलाई कार्यान्वयन गर्नमा जीवन्त उदाहरण प्रस्तुत गर्दछ ।

विगत ७० वर्षमा कोरियाली श्रमिक पार्टीले समाजवादको ध्येयको रूपमा रहेको जुछे क्रान्तिको ध्येयलाई बहुमुखी गम्भीर अग्नि परीक्षाबाट पार गर्दै चमकदार विजयका साथ उज्यालो बाटोमा अगाडि बढाएको छ ।

समाजवादको ध्येयको रूपमा रहेको जुछे क्रान्तिको ध्येयलाई अगाडि बढाउने क्रममा, साम्राज्यवाद, संशोधनवाद, प्रभुत्ववाद, ठुला शक्ति-पूजा र जडसूत्रवादको विरुद्ध तीव्र र घनिभूत प्रकारको राजनैतिक र वर्गसङ्घर्ष सञ्चालन गर्नुपरेको छ । यो जनताको सच्चा र नयाँ समाज निर्माण गर्ने नयाँ गोरेटो खोल्ने कठोर सङ्घर्ष हो ।

विभिन्न चरणहरू पार गर्दै क्रान्ति र निर्माणलाई अगाडि बढाउने क्रममा, कोरियाली श्रमिक पार्टीले कुनै स्थापित सिद्धान्त वा सूत्रको अवलम्बन गरेको छैन । बरु स्वतन्त्रता, सोङ्गुन र समाजवादको बाटोको रूपमा रहेको मौलिक जुछे विचारले देखाएको बाटोमा सदा गतिशील तरिकाले अगाडि बढेको छ ।

स्वतन्त्रता, सोङ्गुन र समाजवाद कोरियाली क्रान्ति र यसको मुख्य मार्गमा आउने कुराहरू हुन् । यिनीहरू हाम्रा जनताका आकाङ्क्षा र देशको वास्तविक आधारसँग मेल खान्छन् । यिनीहरू झण्डै एक शताब्दी लामो बाटोमा नेतृत्वले हासिल गरेको मूल्यवान परिश्रम, परम्परा र अनुभवको प्रत्यक्ष प्रमाणहरू हुन् । यिनीहरूले हाम्रो क्रान्ति र यसको बाटोको आधारभूत सिद्धान्तलाई प्रज्ज्वलित गर्दछन् ।

पार्टीले स्वतन्त्रता, सोङ्गुन र समाजवादको कार्यदिशालाई बलियोसँग पक्डिएर देश र जनताको लागि अथक परिश्रम गरेर क्रान्ति र निर्माणलाई अगाडि बढाएको छ ।

जुछे क्रान्तिको ध्येयलाई अगाडि बढाउने ऐतिहासिक बाटोमा पार्टीले हाम्रा जनतालाई इज्जतदार र स्वतन्त्र जनताको रूपमा र क्रान्तिको शक्तिशाली उत्प्रेरक शक्तिको रूपमा प्रशिक्षित गरेको छ ।

जुछे क्रान्तिको ध्येय हासिल गर्न स्वतन्त्र उत्प्रेरक शक्तिको रूपमा आम जनतालाई प्रशिक्षित गरेर पार्टीले निकै ठुलो उपलब्धि हासिल गरेको छ ।

आम जनता नै आफ्नो भाग्य र भविष्यका मालिक हुन् र स्वतन्त्रताको ध्येयलाई कार्यान्वयन गर्न उनीहरू जीम्मेवार छन्। तर, क्रान्तिकारी पार्टीको सच्चा नेतृत्व मातहत मात्रै उनीहरू क्रान्तिको सच्चा उत्प्रेरक शक्ति बन्न सक्दछन्।

*(४ अक्टोबर २०१५ मा कोरियाली मजदुर पार्टीको ७० औँ स्थापना दिवसको अवसरमा २२ असोज, २०७४ मा प्रकाशित 'किम जोङ उन' बाट साभार)*

# हर्मुज आक्रमणले फेरि चर्कियो मध्यपूर्व तनाव



दुबई, ८ जुलाई (एपी)। स्ट्रेट अफ हर्मुजमा तीनवटा व्यापारिक जहाजमाथि भएको आक्रमणपछि संयुक्त राज्य अमेरिकाले बुधबार बिहान इरानका सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ। यससँगै इरानले बहराइन र कुवेतलाई लक्षित गरी मिसाइल प्रहार गरेको देखिएको छ। पछिल्लो घटनाक्रमले युद्धविरामतर्फ अघि बढिरहेको प्रयासलाई गम्भीर धक्का पुऱ्याउँदै मध्यपूर्वलाई पुनः व्यापक द्वन्द्वतर्फ धकेल्ने जोखिम बढाएको छ ।

अमेरिकी सेनाले तेहरानले अन्तर्राष्ट्रिय जलमार्गमा सञ्चालित तीन व्यापारिक जहाजलाई लक्षित बनाएपछि जवाफी कारबाही गरिएको जनाएको छ। आक्रमणसँगै वासिङ्टनले अन्तरिम सम्झौताअन्तर्गत इरानलाई खुला रूपमा कच्चा तेल बिक्री गर्न दिइएको अनुमति पनि रद्द गरेको छ। इरानले भने अमेरिकाको कदमको कडा विरोध गर्दै आफूले आवश्यक ठानेका सबै उपाय अपनाउने चेतावनी दिएको छ।

अमेरिकी आक्रमणपछि अमेरिकी नौसेनाको पाँचौँ फ्लीट रहेको बहराइन तथा अमेरिकी सेनाका महत्त्वपूर्ण सैन्य आधार रहेका कुवेतमा मिसाइल चेतावनी जारी गरिएको थियो। दुवै देशलाई लक्षित गरी इरानबाट प्रहार भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ।

यो घटनाक्रम इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टि चलिरहेका बेला भएको हो। फेब्रुअरी २८ मा ८६ वर्षको उमेरमा युद्धको प्रारम्भिक चरणमै मारिएका खामेनीको अन्तिम संस्कार बिहीबार सम्पन्न हुने तालिका छ। अन्त्येष्टिपछि हर्मुज जलडमरु पूर्ण रूपमा पुनः सञ्चालन गर्ने र इरानको विवादित आणविक कार्यक्रमबारे वार्ता अघि बढ्ने अपेक्षा गरिएको थियो। तर, पछिल्ला आक्रमणले त्यस्तो सम्भावनामा अनिश्चितता थपेको छ।

इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफले सामाजिक सञ्जाल एक्समार्फत अमेरिका र उसका सहयोगीमाथि आक्रामक टिप्पणी गर्दै इरान कुनै दबाबमा नझुक्ने बताउनुभयो।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डका अनुसार आक्रमणमा इरानका हवाई रक्षा प्रणाली, राडार र अर्धसैनिक इस्लामिक क्रान्तिकारी गार्डले प्रयोग गर्ने ६० भन्दा बढी तीव्र गतिको साना डुङ्गा निशाना बनाइएका छन्। ती डुङ्गा हर्मुज जलडमरुमा व्यापारिक जहाजलाई रोक्ने तथा दबाब सिर्जना गर्ने गतिविधिमा संलग्न रहेको अमेरिकी दाबी छ।

सेन्ट्रल कमान्डले यो चरणको कारबाही सम्पन्न भएको जनाउँदै आवश्यक परे थप कदम चाल्न अमेरिका तयार रहेको स्पष्ट पारेको छ।

इरानले अमेरिकी आक्रमण भएको स्वीकार गरे पनि क्षतिको विवरण सार्वजनिक गरेको छैन। सरकारी सञ्चारमाध्यमका अनुसार बन्दर अब्बास, केशम र सिरिक क्षेत्रमा विस्फोटका आवाज सुनिएका छन्। इरानको केन्द्रीय सैन्य कमान्डले अमेरिकी कारबाहीलाई आतङ्कवादी कार्यको संज्ञा दिँदै निर्णायक जवाफ दिने चेतावनी दिएको छ। साथै हर्मुज जलडमरुको व्यवस्थापनमा कुनै विदेशी हस्तक्षेप स्वीकार नगर्ने अडान दोहोऱ्याएको छ।

गत महिनाको अन्त्यमा पनि जलडमरुमा यस्तै प्रकारका आक्रमण र अमेरिकी जवाफी कारबाही भएका थिए। त्यतिबेला पनि बहराइन र कुवेत लक्षित आक्रमण भएको थियो। यसपटकको घटनाक्रम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प नाटो शिखर सम्मेलनका लागि टर्कीमा रहेका बेला भएको हो।

यसैबिच अमेरिकाले अन्तरिम सम्झौताअन्तर्गत इरानलाई खुला रूपमा तेल निर्यात गर्न दिइएको इजाजतपत्र रद्द गरेको छ। उक्त व्यवस्थाले इरानलाई वर्षौंपछि अन्तर्राष्ट्रिय बजारमा अमेरिकी डलरमा खुला रूपमा तेल बिक्री गर्ने अवसर दिएको थियो। इरानले यसअघि प्रतिबन्ध छल्दै चीनलाई सहुलियत मूल्यमा कच्चा तेल बिक्री गर्दै आएको आरोप लाग्दै आएको छ।

जहाजमाथिको आक्रमणमा ओमानको तट नजिक यात्रा गरिरहेको एक तेल ट्याङ्करमा ठोक्किएपछि आगलागी भएको बेलायतको समुद्री व्यापार सञ्चालन केन्द्रले जनाएको छ। इरानी सरकारी टेलिभिजनले चेतावनी बेवास्ता गरेपछि तरलीकृत प्राकृतिक ग्यास बोकेको अर्को जहाज आक्रमणमा परेको जनाएको भए पनि त्यसको प्रत्यक्ष जिम्मेवारी लिएको छैन।

अन्य दुई जहाजमा सामान्य क्षति पुगेको भए पनि कुनै मानवीय क्षति नभएको र ती जहाजले आफ्नो यात्रा जारी राखेको बेलायती समुद्री निकायले जनाएको छ ।

युद्ध सुरु भएयता इरानले हर्मुज जलडमरुमा कडा नियन्त्रण कायम राख्दै आएको छ। विश्वको करिब पाँचौँ भाग कच्चा तेल र प्राकृतिक ग्यास यही समुद्री मार्गबाट ओसारपसार हुने भएकाले त्यहाँको अस्थिरताले विश्व ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ। मङ्गलबार आक्रमणमा परेका जहाजहरूले इरानले तोकेको मार्गको सट्टा ओमानको तटीय मार्ग प्रयोग गरेका थिए ।

तेहरानले हर्मुज हुँदै आफ्नो स्वीकृत मार्ग मात्र सुरक्षित रहेको दाबी गर्दै अन्य मार्ग प्रयोग गर्ने जहाजमाथि कारबाही गर्ने चेतावनी पटक-पटक दिँदै आएको छ ।

कतारका विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले कतारी ट्याङ्कर अल रेकयात माथिको आक्रमणलाई अन्तर्राष्ट्रिय जलयात्रा र विश्व ऊर्जा सुरक्षामाथिको अस्वीकार्य हमला भन्दै त्यसका लागि इरान पूर्ण रूपमा जिम्मेवार रहेको बताउनुभयो।

इरान र संयुक्त राज्य अमेरिका ६० दिनसम्म जहाजलाई कुनै शुल्कबिनै आवतजावत गर्न दिने अन्तरिम सहमतिमा पुगेका थिए। तर, इरानले जहाजको मार्ग आफैँले निर्धारण गर्ने र भविष्यमा त्यसका लागि शुल्क लिने प्रस्ताव अघि सारेपछि विवाद चर्किएको हो। अमेरिका र अधिकांश खाडी राष्ट्रहरूले भने हर्मुज जलडमरु प्रयोग गरेबापत कुनै शुल्क तिर्न नसकिने स्पष्ट पार्दै आएका छन्।

# अमेरिकी आक्रमणपछि इरानी राष्ट्रपति पेजेस्कियन इराक भ्रमण छोट्याएर स्वदेश प्रस्थान



तेहरान, ८ जुलाई (एएनआई)। पछिल्लो अमेरिकी आक्रमणपछि इरानी राष्ट्रपति मसूद पेजेस्कियन इराकबाट तेहरान फर्किएको इरानी सरकारी मिडिया आईआरआईबीलाई उद्धृत गर्दै सीएनएनले रिपोर्ट गरेको छ।

पेजेस्कियन पूर्व इरानी सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टिमा सहभागी हुन इराकी सहर नजफ पुगेको जनाइएको छ।

यसअघि होर्मुजको जलमार्ग पार गर्ने व्यापारिक जहाजहरूमा भएको आक्रमणको जवाफमा संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध श्रृङ्खलाबद्ध सैन्य आक्रमण सुरु गरेपछि पेजेस्कियनले इराकको भ्रमण छोट्याएर स्वदेश फर्किएको सिएनएनले जनाएको छ।

समाजिक सञ्जाल एक्समा युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले अमेरिकी सेन्ट्रल कमान्ड फोर्सहरूले अन्तर्राष्ट्रिय जलमार्गमा निर्दोष नागरिकहरूद्वारा सञ्चालित व्यापारिक जहाजहरूलाई लक्षित गर्न र आक्रमण गर्न इरानविरुद्ध श्रृङ्खलाबद्ध शक्तिशाली आक्रमणहरू सुरु गरेको जनाइएको छ।

इरानको आक्रामकता अनावश्यक, खतरनाक र युद्धविरामको स्पष्ट उल्लङ्घन भन्दै सेन्टकमले इरानले स्ट्रेट अफ होर्मुज पार गर्ने तीन वटा व्यापारिक जहाजहरूमा आक्रमण गरे पछि आक्रमण गरिएको बताएको छ।

यसैबिच, दक्षिणी इरानको सिरिक र केशम नजिकै धेरै विस्फोट भएको रिपोर्ट गरिएको छ। अल जजिराका अनुसार व्यावसायिक र माछा मार्ने घाटहरूमा क्षेप्यास्त्र प्रहार भएपछि सिरिक बन्दरगाहमा धेरैवटा विस्फोट भएको इरानी मिडियाले जनाएका छन् ।

इरानलाई अगस्ट -२१ सम्म कच्चा तेल र सम्बन्धित उत्पादनहरू उत्पादन गर्न, बेच्न र परागमन गर्न अस्थायी रूपमा अनुमति दिएर गत जूनमा जारी गरिएको इजाजतपत्र यसअघि अमेरिकाले मङ्गलबार, रद्द गरेको थियो द्वन्द्वको अन्तिम समाधानको लागि चरणबद्ध वार्ताको बिचमा भएको आक्रमणले तेहरानमाथि दबाब बढेको जनाइएको छ।

# चीनमा बाढी र पहिरोको कहर



पेइचिङ, ८ जुलाई (एएफपी)। चीनका विभिन्न क्षेत्रमा आएको भीषण वर्षा, बाढी, आँधीबेहरी र पहिरोका कारण कम्तीमा ३८ जनाको मृत्यु भएको छ भने उद्धारकर्मीहरूले अझै प्रभावित क्षेत्रमा बेपत्ताको खोजी जारी राखेका छन्। अधिकारीहरूले आगामी दिनमा पनि वर्षा जारी रहने चेतावनी दिँदै जलाशय, नदी र तटबन्ध उच्च जोखिममा रहेको बताएका छन्।

टाइफुन मेसाकका कारण परेको अविरल वर्षापछि दक्षिणी गुआङ्सी क्षेत्रमा कम्तीमा छ जनाको मृत्यु भएको छ भने एक लाख ३० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। क्षेत्रीय अधिकारीहरूले गुआङ्सी र छिमेकी गुआङ्डोङ प्रान्तमा थप वर्षा हुने पूर्वानुमान सार्वजनिक गरेका छन्।

राज्य सञ्चारमाध्यमका अनुसार तीव्र बाढीले गुआङ्सीका ४० वटा नदी तथा जलमार्गको किनार भत्काएको छ भने करिब १३ हजार एकड कृषि भूमि डुबान र कटानबाट प्रभावित भएको छ। गुआङ्सीस्थित एक जलाशयको बाँध फुटेपछि उद्धार टोलीहरूले डुङ्गामार्फत उद्धार अभियान सञ्चालन गरिरहेका छन्। प्रभावित क्षेत्रमा खाद्यान्न, रेनकोट, रबर डुङ्गालगायत थप राहत सामग्री पठाइएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ।

राज्य बाढी नियन्त्रण तथा खडेरी राहत मुख्यालयले गुआङ्सीमा बाढी नियन्त्रणको दोस्रो उच्च तहको आपत्कालीन सतर्कता कायम राखेको छ। जलस्रोत मन्त्री ली गुओइङका अनुसार वुझोउ जलमापन केन्द्रमा नदीको सतह चेतावनी तहभन्दा छ मिटरभन्दा बढी पुग्ने अनुमान गरिएको छ। लगातारको वर्षा र लामो समयसम्म उच्च बहाव कायम रहँदा जलाशय तथा तटबन्धको सुरक्षाले गम्भीर परीक्षा सामना गरिरहेको उहाँले बताउनुभयो।

यसैबिच मध्य चीनको हुबेई प्रान्तमा आएको आँधीबेहरीका कारण थप ११ जनाको मृत्यु भएको छ भने ३३१ जना घाइते भएका छन्। एक जना अझै बेपत्ता छन्। आँधीले करिब चार हजार ८०० घरमा क्षति पुऱ्याएको छ भने २२ वटा घर पूर्ण रूपमा ध्वस्त भएका छन्।

चिनियाँ राष्ट्रपति सी चिनफिङले उद्धार तथा राहत कार्यमा पूर्ण शक्ति परिचालन गर्न निर्देशन दिनुभएको राज्य प्रसारक सिसिटिभीले जनाएको छ।

अर्कोतर्फ उत्तरपश्चिमी गान्सु प्रान्तमा मङ्गलबार बिहान आएको पहिरोमा ज्यान गुमाउनेको सङ्ख्या २१ पुगेको छ। डाङचाङ काउन्टीको रेन्काङ गाउँमा गएको पहिरोले ३३ जनालाई पुरेको थियो। स्थानीय अधिकारीहरूका अनुसार खोज तथा उद्धार अभियान सम्पन्न भइसकेको छ भने पहिरोको कारणबारे अनुसन्धान जारी छ।

पहिरो प्रभावित क्षेत्रमा पुनर्निर्माणका लागि तीन करोड युआन (करिब ४४ लाख अमेरिकी डलर) बराबरको कोष छुट्याइएको चिनियाँ अधिकारीहरूले जनाएका छन्।

# चीनद्वारा एन्थ्रोपिकको एआई कोडिङ उपकरणमा 'सुरक्षा जोखिम' रहेको चेतावनी

बेइजिङ, २४ असार (एएफपी)। चीनको एक साइबर सुरक्षा निकायले अमेरिकी कृत्रिम बुद्धिमत्ता (एआई) कम्पनी एन्थ्रोपिकको 'क्लाउड कोड' नामक एआई कोडिङ उपकरणका केही संस्करणमा सुरक्षा जोखिम रहेको भन्दै प्रयोगकर्तालाई सतर्क रहन चेतावनी दिएको छ।

चीनको उद्योग तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बद्ध राष्ट्रिय जोखिम डाटाबेस (एनभीडीबी) ले उक्त उपकरणमा रहेको भनिएको 'सुरक्षा ब्याकडोर'ले प्रयोगकर्ताको स्थान र पहिचानसम्बन्धी संवेदनशील जानकारी प्रयोगकर्ताको सहमतिबिनै कम्पनीको सर्भरमा पठाउन सक्ने जनाएको छ।

'क्लाउड कोड' एक एआई कोडिङ उपकरण हो, जसले प्रयोगकर्ताको निर्देशनका आधारमा कम्प्युटर कोड तयार गर्ने, सफ्टवेयरको त्रुटि सुधार गर्ने तथा कोड समीक्षा गर्ने क्षमता राख्छ।

एनभीडीबीले सम्बन्धित संस्था तथा प्रयोगकर्तालाई उक्त उपकरणको प्रयोगबारे तत्काल सुरक्षा परीक्षण गर्न तथा आवश्यक परेमा अनइन्स्टल गर्न वा सुरक्षा जोखिम हटाइएको नवीनतम संस्करणमा अद्यावधिक गर्न आग्रह गरेको छ। साथै, संवेदनशील सूचना चुहावट रोक्न नेटवर्क ट्राफिकको निगरानी सुदृढ गर्न पनि सुझाव दिएको छ।

एएफपीका अनुसार एन्थ्रोपिकले यी आरोपबारे गरिएको टिप्पणीको अनुरोधमा तत्काल प्रतिक्रिया दिएको छैन।

यसैबिच, चिनियाँ प्रविधि कम्पनी अलिबाबाले सुरक्षा चिन्ताका कारण जुलाई १० देखि 'क्लाउड कोड' को प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेको जनाइएको छ ।

यता, एन्थ्रोपिकका 'क्लाउड कोड' इन्जिनियर थारिक शिहिपरले सामाजिक सञ्जाल एक्समार्फत उक्त प्रणालीमा रहेको डेटा ट्र्याकिङ सुविधा अनधिकृत पुनर्बिक्रेता तथा एआई मोडेलको दुरूपयोग रोक्न गरिएको परीक्षणको हिस्सा भएको बताउनुभएको छ। उहाँले उक्त सुविधा हटाउने प्रक्रिया अघि बढिसकेको र नयाँ संस्करणमा पूर्ण रूपमा हटाइने जानकारी दिनुभयो।

# नियमित अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल




**- राधेश्याम विश्वकर्मा**

भैरहवा (रूपन्देही)। विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल चिटिक्क परेको छ। अत्याधुनिक भवन, चम्किला काउन्टर, एक्स-रे मेसिन, अध्यागमन डेस्क, प्रस्थान कक्ष र धावनमार्ग सबै तयारी अवस्थामा छन् तर यात्रुहरूको भीड छैन। कहिलेकाहीँ चार्टर उडान आउँछ, केही यात्रु ओर्लिन्छन् र फेरि तिनै उक्त विमानमा चढेर फर्किन्छन् अनि फेरि विमानस्थल पहिलेकै सन्नाटामा फर्किन्छ।

चार वर्षअघि नेपालकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा ठूलो उत्साहका साथ सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आज पनि नियमित अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा छ। अर्बौं रूपैयाँको लगानी, आधुनिक पूर्वाधार र सरकारले दिएको आकर्षक सहुलियतका बाबजुद विमानस्थलले अपेक्षित गति लिन सकेको छैन।

विमानस्थल प्रशासन, निजी क्षेत्र र पर्यटन व्यवसायीसँग गरिएको कुराकानीले एउटा साझा निष्कर्ष देखाउँछ। समस्या धावनमार्ग वा भवनको होइन, नीति, बजार व्यवस्थापन र निर्णय क्षमताको हो। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका निमित्त महाप्रबन्धक श्यामकिशोर साहका अनुसार पछिल्लोपटक थाई एयर एसियाले बैङ्कक-भैरहवा-बैङ्कक रुटमा हप्ताको दुई दिन नियमित उडान सञ्चालन गरेको थियो तर त्यो मार्चसम्मको 'विन्टर सिड्युल' सम्म मात्र सीमित रह्यो। अहिले 'समर सिड्युल' सुरु भइसकेकाले अक्टोबरसम्म कुनै नियमित अन्तर्राष्ट्रिय उडान छैन। बिचबिचमा चार्टर उडान भने भइरहेका छन्।

साहका अनुसार वायुसेवा कम्पनीले नियमित सेवा बन्द गर्नुको मुख्य कारण यात्रु अभावलाई देखाएको छ। "जहाज आउँछ तर अपेक्षित 'अकुपेन्सी' हुँदैन। जानेबेला केही यात्रु भए पनि फर्कँदा जहाज खालीजस्तै हुन्छ। व्यावसायिक कम्पनीले नाफा हेर्ने भएकाले यस्तो अवस्थामा नियमित उडान टिकाउन कठिन हुन्छ," उहाँ भन्नुहुन्छ। तर, उहाँ यात्रु नै नभएको निष्कर्षसँग पूर्ण रूपमा सहमत हुनुहुन्न। "लुम्बिनी प्रदेश मात्रै होइन, मधेस, कोशी, सुदूरपश्चिमलगायत विभिन्न प्रदेशबाट विगतमा यात्रु भैरहवा आउँथे। यात्रुको सम्भावना छ। समस्या यात्रु व्यवस्थापनमा भयो," उहाँको भनाइ छ।

साहका अनुसार अन्तर्राष्ट्रिय उडान सफल बनाउन एयरलाइन्स मात्र पर्याप्त हुँदैन। यात्रुलाई जहाजसम्म पुऱ्याउने सम्पूर्ण प्रणाली सक्रिय हुनुपर्छ। "वैदेशिक रोजगारीमा जाने श्रमिक पठाउने म्यानपावर कम्पनी, टिकट बिक्री गर्ने ट्राभल एजेन्सी र जनरल सेल्स एजेन्ट (जिएसए) सबैले मिलेर काम गर्नुपर्थ्यो। त्यो हुन सकेन," उहाँले भन्नुभयो। उहाँका अनुसार कतिपय विदेशी वायुसेवा कम्पनी भैरहवामा उड्न इच्छुक भए पनि उनीहरूको नेपालस्थित जनरल सेल्स एजेन्टहरू काठमाडौँमै केन्द्रित छन्। उनीहरूको सम्पूर्ण व्यापारिक संरचना राजधानीमै भएकाले उनीहरूले यात्रुलाई पनि काठमाडौँबाटै उडाउन बढी जोड दिने गरेका छन्। "काठमाडौँका जिएसएले स्थानीय ट्राभल एजेन्सीसँग पर्याप्त सहकार्य गरेन। भाडामा केही सहुलियत दिने, टिकट सहज उपलब्ध गराउने वा संयुक्त रूपमा बजार प्रवर्द्धन गर्ने काम हुन सकेन। त्यसैले जहाजमा यात्रु भर्न कठिन भयो," साहले बताउनुभयो।

उहाँका अनुसार विमानस्थल सञ्चालनमा पूर्वाधारभन्दा ठूलो चुनौती अहिले यही बजार संरचना बनेको छ। साहको अर्को प्रश्न आफ्नै राष्ट्रिय ध्वजावाहकप्रति छ। नेपाल वायुसेवा निगम र हिमालयन एयरलाइन्सले भैरहवाबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु गरेको भए विदेशी वायुसेवा कम्पनीलाई पनि सकारात्मक सन्देश जाने थियो। "नेपाली ध्वजावाहकले नै यहाँबाट उडान सुरु गरेको भए वातावरण बन्ने थियो कि ? त्यसपछि विदेशी कम्पनी आउन पनि सहज हुन्थ्यो," उहाँ भन्नुहुन्छ।

भैरहवाको भविष्य भारतसँग जोडिएका विषयमा पनि साह स्पष्ट देखिनुहुन्छ। भारतीय वायुसेवा कम्पनीले दिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोरलगायत विभिन्न सहरबाट भैरहवामा सहजै उडान गर्न सक्छ। त्यसले भारतीय पर्यटक र बौद्ध तीर्थयात्रीको सङ्ख्या उल्लेख्य रूपमा बढाउन सक्नेछ तर यसका लागि सरकारी तहबाट आवश्यक पहल हुन नसकेको उहाँको गुनासो छ। नेपाल र भारतबिचको एयर सर्भिस एग्रिमेन्ट धेरै पुरानो भएकोले त्यसमा गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल समेटिएको छैन।

नयाँ यथार्थअनुसार उक्त सम्झौता पुनरावलोकन गर्नुपर्ने आवश्यकता उहाँ औँल्याउनुहुन्छ। "भारतीय एयरलाइन्सले अहिले काठमाडौँमा दैनिक धेरै उडान गरिरहेको छ। उनीहरूलाई भैरहवाबाट पनि उडान गर्न सरकारी तहबाट औपचारिक पहल हुनुपर्छ," उहाँको भनाइ छ। सरकारले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई आकर्षित गर्न विभिन्न आर्थिक सहुलियत उपलब्ध गराउँदै आएको छ। ल्यान्डिङ शुल्क, नेभिगेसन शुल्क र यात्रु सेवा शुल्कमा शतप्रतिशत छुट, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुट तथा काठमाडौँको तुलनामा हवाई इन्धनमा पनि उल्लेखनीय सहुलियत दिइएको छ। यात्रु कम हुँदा एयरलाइन्सलाई हुने आर्थिक क्षति केही हदसम्म यी छुटले पूर्ति गर्ने उद्देश्य राखिएको हो तर उहाँको निष्कर्ष स्पष्ट छ, "सहुलियतले मात्र पर्याप्त हुँदैन। यात्रु व्यवस्थापन र टिकट बजारको संरचना सुधारिएन भने छुटले मात्र नियमित उडान टिकाउन सक्दैन।"

विमानस्थलको अन्तर्राष्ट्रिय हवाई यातायात तथ्याङ्कले पनि उतारचढाव देखाउँछ। सन् २०२२ देखि सन् २०२६ को मे महिनासम्म अन्तर्राष्ट्रियतर्फ एक हजार २१८ विमान आवागमन भएका छन् भने ६९ हजार ३१६ यात्रुले सेवा लिएका छन्। सन् २०२३ मा यात्रु सङ्ख्या चार हजार ७५१ मा झरेको थियो। सन् २०२५ मा यो सङ्ख्या बढेर १९ हजार ५९० पुगे पनि अन्तर्राष्ट्रिय विमानस्थलको क्षमताअनुसार यो अझै न्यून मानिन्छ। चालु वर्षको मे महिनासम्म चार हजार १५३ यात्रुले मात्र सेवा लिएका छन्।

भैरहवा विमानस्थलको अर्को विशेषता यहाँ जडान गरिएको इन्स्ट्रमेन्ट ल्यान्डिङ सिस्टम (आईएलएस) हो। साहका अनुसार कम दृश्यता भएको दिनमा पनि सुरक्षित अवतरण गर्न सहयोग गर्ने यो प्रणाली नेपालका लागि महत्त्वपूर्ण सम्पत्ति हो। अझ रोचक कुरा, यस्तो सुविधा काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपलब्ध छैन तर यसको 'सेकेन्डरी प्रोटेक्सन जोन' को करिब १.३ किलोमिटर भाग भारतीय भूभागमा पर्ने भएकाले भारतसँग आवश्यक सहमति हुन बाँकी छ। यस विषयमा पहिले पत्राचार भए पनि त्यसपछि दुवै पक्षबाट पर्याप्त 'फलोअप' नभएको उहाँ स्वीकार गर्नुहुन्छ। अहिलेसम्म सञ्चालन भएका अन्तर्राष्ट्रिय उडानमा यसले कुनै प्रत्यक्ष समस्या सिर्जना गरेको छैन।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको चार वर्ष बितिसक्दा पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसक्नुले निजी क्षेत्रलाई पनि उत्तिकै निराश बनाएको छ। तर, निजी क्षेत्रका प्रतिनिधिको बुझाइमा यसको मूल समस्या यात्रुको अभावभन्दा धेरै गहिरो छ। उनीहरूका अनुसार सरकारको नीतिगत अन्योल, काठमाडौँ केन्द्रित हवाई बजार, भारतसँगको अपर्याप्त कूटनीतिक पहल र कमजोर समन्वयका कारण विमानस्थलले आफ्नो वास्तविक सम्भावना उपयोग गर्न सकेको छैन।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठ, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ढिलाइ हुनुमा सरकारको नीतिगत कमजोरीलाई मुख्य कारण मान्नुहुन्छ। उहाँका अनुसार चार वर्षदेखि सरकारले 'विमानस्थल चल्छ' भन्ने आश्वासन मात्रै दिइरहेको छ। अब आश्वासन होइन, ठोस निर्णय आवश्यक छ। उहाँ भन्नुहुन्छ, "काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक अत्यधिक हवाई चाप छ। जहाजहरू अवतरणका लागि लामो समय आकाशमा होल्ड भइरहेका छन्। यस्तो अवस्थामा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा प्रयोग गर्ने नीति सरकारले तत्काल ल्याउनुपर्छ।"

थापाको सुझाव छ, "सरकारले हवाई नीतिमा संशोधन गरेर अन्तर्राष्ट्रिय उडानको स्पष्ट वर्गीकरण गर्नुपर्छ। 'फुल-सर्भिस क्यारियर' र ठूला वाइडबडी विमान काठमाडौँमा केन्द्रित रहन सक्छन् भने बुद्ध सर्किट, धार्मिक पर्यटन र क्षेत्रीय बजार लक्षित बजेट एयरलाइन्स तथा न्यारोबडी जहाजलाई भैरहवामा अवतरण गर्न प्रोत्साहन मात्र होइन, आवश्यक परे नीतिगत व्यवस्था गर्नुपर्छ।"

सरकारले सबै अन्तर्राष्ट्रिय उडान काठमाडौँमै केन्द्रित हुने वर्तमान अवस्था परिवर्तन नगरेसम्म गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले अपेक्षित गति लिन नसक्ने उहाँको ठम्याइ छ। नेपालमा सञ्चालनमा रहेका अधिकांश अन्तर्राष्ट्रिय एयरलाइन्सका एजेन्टहरू काठमाडौँका सीमित व्यवसायीको नियन्त्रणमा रहेको उहाँको दाबी छ। टिकट बिक्री, बजार व्यवस्थापन, प्रचारप्रसार र यात्रु वितरणको सम्पूर्ण अधिकार केही कम्पनीमा केन्द्रित हुँदा भैरहवा र पोखराजस्ता नयाँ अन्तर्राष्ट्रिय विमानस्थलले प्रतिस्पर्धा गर्ने अवसर नै पाएका छैनन्।

"काठमाडौँका जिएसएले आफ्नै व्यापारिक हितअनुसार जहाजको बजार व्यवस्थापन गर्छन्। स्थानीय ट्राभल एजेन्सीलाई पर्याप्त सहयोग, सहुलियत वा टिकटको समान पहुँच दिइँदैन," थापा भन्नुहुन्छ। उहाँको प्रस्ताव छ- भैरहवा र पोखराका लागि स्थानीयस्तरका जिएसए नियुक्त गर्ने नीति सरकारले ल्याउनुपर्छ। उडानको सुनिश्चित भए लुम्बिनीका पर्यटन व्यवसायी र ट्राभल कम्पनी ठूलो लगानी गरेर पनि त्यो जिम्मेवारी लिन तयार रहेको उहाँको दाबी छ।

लुम्बिनी आउने धेरै विदेशी पर्यटक भारतका बौद्ध तीर्थस्थल पनि भ्रमण गर्न चाहन्छन् तर अहिले भारतको इ-भिसा लिएर आएका तेस्रो मुलुकका पर्यटक बेलहिया नाका हुँदै भारत प्रवेश गर्न नपाउने व्यवस्था रहेको श्रेष्ठ बताउनुहुन्छ। यसले बुद्ध सर्किटको अवधारणालाई कमजोर बनाएको उहाँको भनाइ छ। नेपाल सरकारले भारतसँग उच्चस्तरीय कूटनीतिक पहल गरेर यो समस्या समाधान गर्नुपर्नेमा उहाँको जोड छ। पश्चिम नेपालका हजारौँ युवा हरेक वर्ष वैदेशिक रोजगारीमा जान्छन् तर मेडिकल परीक्षण, श्रम स्वीकृति, बायोमेट्रिक र भिसा प्रक्रियाका लागि उनीहरू अझै काठमाडौँ जान बाध्य छन्। भैरहवामै श्रम डेस्क, मेडिकल सेन्टर र प्रमुख मुलुकका भिसा सेन्टर स्थापना गर्न सकियो भने यही क्षेत्रबाट ठूलो सङ्ख्यामा यात्रु अन्तर्राष्ट्रिय उडानमा जोडिनसक्ने उहाँको विश्वास छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई केवल रूपन्देहीको परियोजना मान्न नहुने बताउनुहुन्छ। धनगढी, नेपालगञ्ज, दाङ, बर्दिया, कैलाली, कञ्चनपुरका नागरिकलाई काठमाडौँ पुगेर जहाज चढ्नुभन्दा भैरहवा आउन समय र खर्च दुवै हिसाबले सहज हुन्छ। श्रेष्ठको विचारमा अरुलाई दोष दिनुभन्दा पहिले नेपाल सरकारले आफ्नै दायित्व पूरा गर्नुपर्छ। उहाँ प्रश्न गर्नुहुन्छ, "सरकारकै स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले दैनिक एउटा नियमित अन्तर्राष्ट्रिय उडान किन सुरु गर्न सक्दैन ?"

उहाँका अनुसार नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सले नियमित उडान सुरु गरे त्यसले बजारमा सकारात्मक सन्देश जानेछ। त्यसपछि विदेशी एयरलाइन्स पनि भैरहवाप्रति आकर्षित हुन सक्छन्। यदि यात्रु उडान तत्काल विस्तार गर्न कठिन छ भने कार्गो उडानलाई विकल्पका रूपमा अघि बढाउन सकिने सुझाव पनि निजी क्षेत्रले दिएको छ।

विमानस्थलमा पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र सञ्चालन क्षमता रहेको अवस्थामा अन्तर्राष्ट्रिय कार्गो सेवा सुरु गर्न सकिए कृषि उत्पादन, औद्योगिक वस्तु र निर्यात व्यापारले नयाँ बजार पाउन सक्छ। भारतसँग प्रत्यक्ष हवाई सम्पर्कलाई विमानस्थलको भविष्यसँग जोडेर हेरिएको छ। नयाँदिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोर, वाराणसी वा लखनउबाट नियमित उडान सुरु भए भारतीय पर्यटक मात्रै होइन, बौद्ध धर्मावलम्बी, तीर्थयात्री तथा तेस्रो मुलुकका पर्यटक पनि सिधै लुम्बिनी आउन सक्नेछन्। यसले लुम्बिनीसँगै पाल्पा, पोखरा, मुक्तिनाथ र पश्चिम नेपालको पर्यटनलाई पनि प्रत्यक्ष लाभ पुग्नेछ।

विसं २०२१ मा घाँसे हवाई मैदानबाट सुरु भएको यो विमानस्थल २०२३ सालदेखि आन्तरिक विमानस्थलका रूपमा हालको स्थानबाट सञ्चालनमा आएको छ। विसं २०७१ माघ १ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले अन्तर्राष्ट्रिय विमानस्थलको शिलान्यास गर्नु भई करिब रु. ३५ अर्बको लागतमा निर्माण भएको विमानस्थलको २०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभएको थियो। करिब आठ सय बिघामा फैलिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा तीन किलोमिटरको रन-वे रहेको छ। 'फोर ई क्याटेगरी' को विमानस्थलमा नवौँ क्याटेगरीको दमकलहरू रहेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सरहको उडान र अवतरण हुनसक्ने यो विमानस्थलमा चार न्यारोबडी र एक वाइडबडी जहाज पार्किङ गर्न सकिन्छ। ***रासस***

